का.जि.प्र.का.द.नं. १००/०५९/६०
१४ भदौ २०८२
शनिबार
30 August 2025
Saturday
नेपाल संवत् ११४५
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न



# जहिल्यै मारमा उखु किसान

## टुटेन माइतीघरको बसाइ, छुटेन नेताहरूको आश्वासन

७० रुपैयाँ अनुदान दिने निर्णय सरकारको एकलौटी भए पनि चित बुझाउँदै आएका थियौं । तर त्यसमा पनि कटौती गरेपछि वारपारको मुडमा पुगेका हौं ।

■ **अशोक यादव**
अध्यक्ष, उखु उत्पादक संघ रौतहट

उखु किसानहरूले सरकारसँग आँसु खसालेर गुनासो गर्न थालेको वर्षौं भयो तर कहिल्यै समस्या समाधान भएन । जब आन्दोलन हुन्छ तब माइतीघर पुगेर साथमा रहेजस्तो गर्ने नेताहरूको प्रवृति अझ गम्भीर खतरनाक छ ।




**धर्मेन्द्रकुमार साह / मध्यान्ह**
रौतहट, १३ भदौ

मधेशका उखु किसानहरू काठमाडौं केन्द्रित आन्दोलनमा छन् । उनीहरू सरकारले उखु किसानलाई दिँदै आएको अनुदान कटौती गरेसँगै आन्दोलित भएका हुन् ।

यसअघि सरकारले उखु किसानलाई प्रतिक्विन्टल ७० रुपैयाँ अनुदान दिँदै आएको थियो । उक्त अनुदान रकम घटाएर सरकारले प्रतिक्विन्टल ३५ रुपैयाँमा झारिदिएको छ ।

सरकारले १६ वर्षदेखि दिँदै आएको अनुदान रकम रोक्का गर्न लागेपछि उखु किसान आन्दोलित भएका हुन् ।

उखु उत्पादक महासंघका संयोजक श्यामबाबु राय अब किसान वारपारको मुडमा रहेको बताउँछन् । सरकारको व्यवहारले आन्दोलनको अवस्था निर्भर रहने उनको चेतावनी छ ।

उखु उत्पादक संघ रौतहटका अध्यक्ष अशोक यादव माधवकुमार नेपाल नेतृत्वको मन्त्रिपरिषदले किसानको सहभागिताबिना नै ७० रुपैयाँ सरकारले अनुदान दिने निर्णय गरेको बताउँछन् । सरकारको निर्णयले आश्चर्यचकित बनाएको उनको भनाइ छ ।

उनले नेताहरूले गरेको प्रतिबद्धता सदनमा समेत देखिने र सरकार बाध्य भएर निर्णय गर्ने विश्वास व्यक्त गरे । उनले आन्दोलनमा झापादेखि >>> पृष्ठ २ मा

इ–सिगरेट प्रयोग नगरौं,
सुरक्षित र स्वस्थ्य रहौं ।

इलेक्ट्रोनिक सिगरेट वा भेपिङ्ग पनि चुरोट वा अन्य सुर्तीजन्य पदार्थ जस्तै स्वास्थ्यको लागि हानिकारक हुन्छ
त्यसैले:
- इ-सिगरेटले निकोटिनको लत बढाउँछ,
- यसले फोक्सोको रोगका साथै स्वास्थ्यमा गम्भीर असर पार्न सक्छ,
- धेरैजसो इ-सिगरेटमा विषालु रसायनहरु हुन्छन्,
- इ-सिगरेट सुरक्षित विकल्प नभई स्वास्थ्यका लागि हानिकारक हुन्छ,
- स्वस्थ जीवनका लागि धूम्रपान र इ-सिगरेट दुवैबाट टाढा बसौं,

स्वस्थ बनौं हानिकारक वस्तुबाट टाढै रहौं

नेपाल सरकार
विज्ञापन बोर्ड

# खापुङ बने ६९ दिने आइजिपी



**जीवन शर्मा / मध्यान्ह**
काठमाडौं, १३ भदौ

नेपाल प्रहरीमा ६९ दिनका लागि कमान्ड सम्हाल्ने गरी चन्द्रकुवेर खापुङ ३२औं महानिरीक्षक (आइजिपी) बनेका छन् । संसदमा विचाराधीन रहेको नेपाल प्रहरी विधेयक २०८१ संसदको नियमित प्रक्रियामा रोकिएसँगै पुरानै ऐन कार्यान्वयन हुँदा खापुङ प्रहरी नेतृत्वका लागि एक्ला उम्मेदवार बनेका हुन् ।


शुक्रबार बसेको मन्त्रिपरिषद् बैठकले आइजिपीमा नियुक्त गरेका खापुङले भदौ १९ बाट कार्यप्रारम्भ गरी कात्तिक २७ बाट अनिवार्य बिदा हुँदै छन् । प्रहरीको विद्यमान ऐनअनुसार ३० वर्ष सेवा अवधि पूरा गरी आगामी १८ भदौमा वर्तमान प्रहरी प्रमुख दीपक थापा अवकाश हुँदै छन् । उच्च राजनीतिक तहमा छोटो समयका लागि नयाँ आइजिपी नबनाई पुराना (थापा)लाई नै समयावधि थप्ने प्रयास भएको थियो । प्रहरी नियामावली नै संशोधन गरेर दीपक थापालाई म्याद थप गर्ने र दुई महिनापछि पालो आउनेलाई प्रहरी प्रमुख बनाउने विषयमा सरकार सम्बद्ध दलबीच व्यापक छलफल भएको थियो । तर अहिले त्यसो गर्दा पछि आउने >>> पृष्ठ २ मा

दुई महिनाको अवधि सकिने भएकाले नवनियुक्त आइजिपीबाट सांगठनिक सुधार, सुरक्षा तथा अपराध अनुसन्धानकोपाटोमा ठुलो सुधार हुने अपेक्षा नगरिएको नेपाल प्रहरीका एक उच्च अधिकारी बताउँछन् ।



# राइड सेयरिङको असर घटे सार्वजनिक यातायातमा यात्रु

सूचना प्रविधिको विकाससँगै यातायात क्षेत्र पनि फेरिँदो छ । कुनैबेला सडक यात्रामा सार्वजनिक यातायात मात्रै थियो । राइड सेयरिङ आएपछि भने सार्वजनिक यातायातमा यात्रा गर्नेहरु घट्न थालेका छन् ।



इन्ड्राइभ, पठाओजस्ता एप छन् । निजी साधन धेरै छन् । त्यही भएर टेम्पोका सवारी घटे ।

**विष्णु बरूवाल**
**टेम्पो चालक**



दिउँसो काठमाडौं महानगरले फुटपाथ राख्न नदिएको अवस्था छ । यात्रुहरु घट्नुको एउटा कारण यो पनि हो ।

**कमल सापकोटा**
**टेम्पो चालक**

**अस्मिता बम / मध्यान्ह**
काठमाडौं, १३ भदौ

कुनै समय उपत्यकाका सार्वजनिक यातायातमा यात्रुहरूको भिड देखिन्थ्यो । बस्ने ठाउँ नपुगेर उभिनुपर्ने बाध्यता थियो । उभिँदा पनि यात्रुहरूबीच ठेलमठेल हुन्थ्यो ।

तर केही समययता सिटमा बस्ने यात्रुसमेत पाउन मुस्किल हुन थालेको सार्वजनिक यातायातका चालकहरू बताउँछन् । विभिन्न राइड सेयरिङ प्रयोगमा आएपछि सार्वजनिक यातायातमा यात्रुको संख्या घट्न थालेको चालकहरूको भनाइ छ ।

'अहिले इन्ड्राइभ, पठाओजस्ता एप छन् । गाडीको संख्या पनि धेरै छ । निजी साधन पनि धेरै छन् । त्यही भएर टेम्पोका सवारी घटे जस्तो लाग्छ,' टेम्पो चालक विष्णु वरुवाल भन्छन् । >>> पृष्ठ २ मा

# सरकारले आफैं राख्यो जग्गाको हदबन्दी तोक्ने अधिकार

यसअघि व्यवस्थापिका संसदबाट जग्गाको हदबन्दी तोकिएको थियो । सरकारले नै हदबन्दी तोक्न र हेरफेर गर्न सक्नेगरी आएको प्रस्तावित विधेयक ऐनमा रूपान्तरित भए प्रचलित व्यवस्था तोडिनेछ ।



कम्युनिस्ट प्रधानमन्त्री छन् भन्न लाज हुने अवस्था छ । भूमिहीनको पक्षमा होइन सरकार निश्चित वर्ग, घरजग्गा व्यवसायीका लागि मात्रै काम गरिरहेको छ ।

■ **माधव सापकोटा**
**सांसद, माओवादी केन्द्र**

**दिवाकर अधिकारी / मध्यान्ह**
काठमाडौं, १३ भदौ

जग्गाको हदबन्दी तोक्ने र हेरफेर गर्ने अधिकार सरकारमा नीहित रहनेगरी भूमिसम्बन्धी केही नेपाल ऐन संशोधन विधेयक अगाडि बढेको छ । शुक्रबार प्रतिनिधि सभाबाट पारित भूमिसम्बन्धी केही नेपाल ऐन संशोधन गर्न बनेको विधेयकमा जग्गाको हदबन्दी तोक्ने र हेरफेर गर्ने अधिकार सरकारसँग रहने उल्लेख छ ।

प्रतिनिधि सभाबाट पारित भएर अगाडि बढेको विधेयकमा भनिएको छ, 'यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि घर जग्गा व्यवसाय गर्न अनुमति लिएको कम्पनीले सूचित आदेशले तोकेको हदभित्रको जग्गा प्रचलित कानुनबमोजिम जग्गा विकास गरी घडेरी वा त्यस्तो घडेरीमा घर वा आवास इकाइ (अपार्टमेन्ट) निर्माण गरी बिक्री गर्न सक्नेछ ।'

अर्थात्, यो दफामा प्रयोग भएको 'सूचित आदेशले तोकेको हदभित्र' भन्ने शब्दले सरकारलाई जग्गाको हदबन्दी तोक्ने अधिकार प्रदान गर्नेछ । हदबन्दी तोक्ने र हेरफेर गर्नेसम्बन्धी कानुन बनाउन संसदले नै सरकारलाई अधिकार प्रत्यायोजन गर्छ । सूचित आदेश भनेको >>> पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# कुवेतमा सनसनी मच्चिएको सुनार पक्राउ प्रकरण नेपालमा गुपचुप

**मध्यान्ह संवाददाता**
काठमाडौं, १३ भदौ

मानव बेचबिखन तथा ओसार पसार मुद्दामा इन्टरपोलमार्फत 'रेड नोटिस' जारी भएका सुर्खेतको भेरीगंगा नगरपालिका-२ का कृष्ण सुनार गत साता कुवेतमा पक्राउ परे ।

कुवेतको राष्ट्रिय अपराध अनुसन्धान विभागसँगको समन्वयमा पक्राउ परेका सुनारलाई नेपाल ल्याएपछि कानुनी कारबाहीका लागि भन्दै चुपचाप सुर्खेतस्थित जिल्ला प्रहरी कार्यालयमा पठाइएको छ । कुवेतमा पक्राउ परेका सुनारका सम्बन्धमा नेपालमा खासै सार्वजनिक चासो देखिएन । तर कुवेतमा भने सुनार पक्राउ परेको विषयलाई महत्वका साथ प्रचारप्रसार गरिएको छ ।

कुवेती सञ्चारमाध्यममा सुनारलाई 'वैदेशिक रोजगार र मानव बेचबिखन तस्करीको मुख्य नाइके' भनेर उल्लेख गरिएको छ । उनी पक्राउ परेको विषय अरब टाइम्सलगायतका कुवेतको राष्ट्रिय दैनिकहरूले कुवेती सुरक्षा निकायको ठुलो उपलब्धि भएको उल्लेख गरेका छन् ।

समाचारमा कुवेतको गृह मन्त्रालयले सञ्चालन गरेको एक उच्च जोखिमयुक्त अपरेसनमा सुनार पक्राउ परेको उल्लेख छ । मानव बेचबिखन र आप्रवासी तस्करीको >>> पृष्ठ २ मा

## महासचिव बस्नेत एनबिआई कार्यसमिति सदस्यमा निर्वाचित



**काठमाडौं / मस-** नेपाल वैदेशिक रोजगार व्यवसायी संघका महासचिव महेशकुमार बस्नेत राष्ट्रिय व्यावसायिक पहल (एनबिआई)को कार्यसमिति सदस्यमा निर्वाचित भएका छन् । शुक्रबार सम्पन्न संस्थाको १९औं >>> पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com
१४ भदौ २०८२ शनिबार
30 August 2025 Saturday

# हैजा नियन्त्रण गर्न तीनै सुरक्षा निकायका स्वास्थ्यकर्मी परिचालन गरिने

**काठमाडौं/मस-** प्रधानमन्त्री केपी शर्मा ओलीले वीरगञ्जमा फैलिएको हैजा नियन्त्रणका लागि सरकारले तीनै तहका सुरक्षाकर्मी परिचालन गर्ने बताएका छन्। स्वास्थ्य मन्त्रालयको समन्वयमा नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीका नर्स र डाक्टरलाई समेत परिचालन गर्ने निर्णय मन्त्रिपरिषद् बैठकले शुक्रबार गरेको छ।

संसद्मा सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले भने, 'रोग नियन्त्रणका लागि तीव्र प्रयास भइरहेको छ। स्वास्थ्य मन्त्रालयको समन्वयमा सुरक्षा र स्वास्थ्यकर्मी परिचालन गरिनेछ। यस रोगलाई सकेसम्म छिटो नियन्त्रण गरी बिरामी निको पार्न र फैलन नदिन तीव्र प्रयास भइरहेको छ।'

उनले सरकार हैजाको स्रोत पत्ता लगाउन सक्रिय प्रयास गरिरहेको जानकारी दिए। 'कुन स्रोतबाट रोग फैलियो - ढल, खानेपानी वा अन्य माध्यम - यसको छानबिन भइरहेको छ,'उनले भने।

प्रधानमन्त्री ओलीले स्वास्थ्य मन्त्रालयको अगुवाइमा रोकथाम, तत्काल



निदान र उपचारमा ध्यान दिइएको र सरकार हैजा तथा झाडापखालाका औषधी निःशुल्क उपलब्ध गराइरहेको जानकारी दिए। वीरगञ्जको नारायणी उपक्षेत्रीय अस्पतालमा संक्रमित बिरामीहरूको निःशुल्क उपचार भइरहेको छ। साथै, कोरोनाकालमा नेपाली सेनाले बनाएको अस्पताललाई प्रयोग गरी उपचारको व्यवस्था मिलाउने प्रयास भइरहेको उनले बताए।

वीरगञ्जमा हालसम्म ६२४ जना संक्रमित भएका छन्, जसमा ४३७ जना निको भएर घर फर्किसकेका छन्। अहिले १८७ जना संक्रमित उपचाररत रहेका छन्। पछिल्लो २४ घण्टामा मात्रै ८४ नयाँ बिरामी थपिएका छन्। अहिलेसम्म तीन जनाको मृत्यु पनि भएको छ।

**साढे चार सय हैजा संक्रमित घर फर्किए**

वीरगञ्जका अस्पतालमा भर्ना भएका करिब साढे चार सय हैजा सङ्क्रमितहरु उपचारपछि निको भएर घर फर्केका छन्। वीरगञ्ज महानगर आसपासमा हैजा सङ्क्रमण फैलिएपछि यहाँका १८ वटा अस्पतालमा उपचारपछि घर फर्किएको स्वास्थ्य कार्यालय पर्साका जनस्वास्थ्य अधिकृत जयमोद ठाकुरले जानकारी दिए। उनका अनुसार बुधबार विहान १० बजेसम्म हैजा सङ्क्रमित ६७६ जना अस्पतालमा भर्ना भएका थिए। 'अहिले यहाँका विभिन्न अस्पतालमा हैजा सङ्क्रमित ३२ जना विरामी सघन उपचार कक्ष (आइसियू)मा उपचारत हुनुहुन्छ भने सात जना उच्च हेरचाह कक्ष (एचडियू)मा उपचाररत हुनुहुन्छ', उनले भने, 'यहाँका डेढ दर्जन अस्पतालको जनरल वार्डमा १८९ विरामी छन्।' साथै वीरगञ्ज आसपासमा २२८ हैजाका बिरामी उपचारत छन्।

स्वास्थ्य कार्यालय पर्साका अनुसार १५२ वटा नमुना आरडिटीमार्फत कोलेरा जाँच गर्दा हैजाका संक्रमित भेटिएका छन्। सङ्क्रमितमध्ये ७६ जना डिस्चार्ज तथा रेफर भएका छन् भने ७४ जनामा सङ्क्रमण देखिएको छ। यहाँका ३२ वटा बिरामीको दिसाको नमुना 'कल्चर' जाँचका लागि पठाइएका मध्ये २० जनामा हैजाको सङ्क्रमण पुष्टि भएको छ।

# धानमा आत्मनिर्भरता सरकारको प्राथमिकतामा : कृषिमन्त्री



**काठमाडौं/मस-** कृषि तथा पशुपन्छी विकासमन्त्री रामनाथ अधिकारीले धानको उत्पादन बढाई खाद्य सुरक्षा कायम गर्ने र आत्मनिर्भर बन्ने सरकारको प्राथमिकताको विषय रहेको बताएका छन्।

धानसम्बन्धी अध्ययन अनुसन्धान गर्ने अन्तरराष्ट्रिय संस्था (इरी)को एसिया निर्देशक डा जोङ्ग सूसँग शुक्रबार मन्त्रालयमा भएको भेटवार्तामा मन्त्री अधिकारीले नेपाल विगतमा धान, चामलमा आत्मनिर्भर रहे पनि जनसङ्ख्या वृद्धि र भात खाने बानीका कारण चामलको माग एवं खपत बढ्दै गइरहेको बताए।

यसैले आन्तरिक उत्पादनले माग नधानेपछि पछिल्ला वर्षहरूमा धान चामल आयातमा ठूलो धनराशि खर्च हुने गरेको प्रसंग उल्लेख गर्दै उत्पादकत्व बढाउने र बढ्दो लागत घटाउनेतर्फ मन्त्रालयले काम गरिरहेको उहाँले बताए।

सरकारले मल, बीउ, प्रविधि, यान्त्रिकीकरण, भण्डारण सुविधा, न्यूनतम समर्थन मूल्यको कार्यान्वयन, धान चामल उद्योगसँग सहकार्य गर्नेलगायत सक्दो प्रयास गरिरहेको पनि मन्त्री अधिकारीले उल्लेख गरे। पछिल्लो समय जलवायु परिवर्तनका कारण धान उत्पादनमा प्रत्यक्ष असर पर्न थालेका कारण बढी उत्पादन दिने जलवायु अनुकूलनका धानका जातहरूको विकासमा इरीले महत्वपूर्ण योगदान गरेकोमा इरीको प्रशंसा गरे।

'हामीलाई इरीको थप साथ र सहयोग आवश्यक छ, यसका लागि हामीले विगतदेखि नै विभिन्न प्रयास र पहल गर्दै आएका पनि छौं, कुनै आयोजना नहुँदा पनि सरकारको तर्फबाट धान अनुसन्धान र विकासमा सहयोग गर्न इरीको विशेषज्ञता र क्षमतालाई उपयोग गर्नेगरी कोष व्यवस्थापन गर्ने दिशामा हामी लागेका छौं', मन्त्री अधिकारीको भनाइ थियो। भेटका क्रममा इरीका एसिया निर्देशक जोङ्ग सूले इरीलाई नेपाल सरकारबाट प्राप्त भएको सहकार्यका लागि आभार व्यक्त गर्दै आगामी दिनमा इरीसँगको सहकार्यमा थप वृद्धि हुने अपेक्षा व्यक्त गरे।

# नगरपालिका र गाउँपालिकामा निमित्त प्रमुख शून्य

**काठमाडौं/मस-** स्थानीय तह पुनःसंरचनापश्चात् पहिलोपटक देशभरका नगरपालिका तथा गाउँपालिकामा निमित्त प्रमुख प्रशासकीय अधिकृतको संख्या शून्यमा झारिएको छ।




संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका अनुसार यसअघि १०५ नगरपालिका र ८६ गाउँपालिका निमित्त प्रमुख प्रशासकीय अधिकृतले सञ्चालन गरेका थिए। सामान्य प्रशासनमन्त्री भगवती न्यौपानेका अनुसार सम्पूर्ण स्थानीय तहमा दरबन्दीअनुरुप प्रमुख प्रशासकीय अधिकृत खटाइएकाले पूर्ण जिम्मेवारीसहितको प्रशासनिक नेतृत्व सुनिश्चित भएको छ।

निजामती सेवा ऐन, २०४९ अनुसार अवकाशको चरणमा रहेका कर्मचारीबाहेक, मन्त्रालयले पारदर्शिता, कार्यकुशलता र भौगोलिक क्षेत्रको अनुभव दिलाउने गरी प्रमुख प्रशासकीय अधिकृत नियुक्त गरिएको छ। दुई वर्षभन्दा बढी मन्त्रालय वा मातहतका निकायमा काम गरेका, उपत्यका केन्द्रित कार्यालयमा सीमित, स्थानीय तहमा काम नगरेका, प्रदेशमा कामकाजका लागि खटिएका तथा अतिरिक्त समूहमा रहेका कर्मचारीलाई प्राथमिकतामा राखिएको छ।

पहिलोपटक गाउँपालिका तथा नगरपालिकामा निमित्त प्रमुख प्रशासकीय अधिकृतको व्यवस्था शून्यमा झार्नुका साथै बाह्य राजनीतिक दबाब वा स्थानीय तहको मनपरि अन्त्य गरी मन्त्रालयले खटाएका प्रमुख प्रशासकीय अधिकृत अनिवार्य रूपमा सम्बन्धित स्थानीय तहमा काम गर्ने वातावरण सिर्जना भएको छ। मन्त्रालयले दरबन्दीअनुसार प्रमुख प्रशासकीय अधिकृत खटाएको हुँदा यसअघि निमित्त प्रमुख प्रशासकीय अधिकृतलाई दिइएको आर्थिक वा प्रशासनिक जिम्मेवारी स्वतः रद्द भएको छ। साथै कर्मचारी सरुवामा हुने बाह्य प्रभाव अन्त्य भएको छ भने चक्रिय सरुवा प्रणाली कार्यान्वयन सहज भएको छ। सुगम स्थानमा मात्र सेवा गर्ने प्रवृत्ति पनि रोकिने मन्त्री न्यौपानेको विश्वास छ।

दुर्गम क्षेत्रमा सेवाको पहुँच विस्तार, प्रशासनिक न्यायको अनुभूति, सेवा प्रवाहको गति र कार्यकुशलतामा वृद्धि, सुशासन प्रवर्द्धन, जनप्रतिनिधिबाट प्रमुख प्रशासकीय अधिकृतभन्दा व्यक्तिविशेष रोज्ने प्रवृत्ति अन्त्य हुने उनी बताउँछिन्। सहसचिव प्रमुख प्रशासकीय अधिकृत हुनेमध्ये नौ वटा उपमहानगरपालिका र एउटा महानगरपालिकामा चाँडै दरबन्दीअनुसारको प्रमुख प्रशासकीय अधिकृत खटाउने तयारी भइरहेको मन्त्री न्यौपानेले बताइन्।

## जहिल्यै...

कञ्चनपुरसम्मका किसान सडकमा आएका बेला सरकारलाई किसानले पाउँदै आएको रकम रोक्न नहुनेमा जोड दिए।

'७० रुपैयाँ अनुदान दिने निर्णय सरकारको एकलौटी निर्णय भए पनि हामी चित बुझाउँदै आएका थियौं। तर सरकारले सो रकमसमेत नदिने खालको नीति लिँदै छ। यसले उखु किसानलाई निरुत्साहित पारेको छ,' उनले भने।

आन्दोलनमा सहभागी रौतहटका किसान नेता ब्रिजकिशोर यादवले वार्तामा सरकार गम्भीर रूपमा प्रस्तुत नभएको आरोप लगाए। उनले वार्तामा अर्थमन्त्री विष्णु पौडेल कडा र रुखो रूपमा प्रस्तुत भएको बताउँदै सरकारले अनुदान रकम तत्कालै निकासा नगरे आन्दोलन हाइवे केन्द्रित गर्ने बताए।

उनले भने, 'दुई चरणको वार्ता सकिएको छ तर सरकारले गत आर्थिक वर्षका लागि प्रतिक्विन्टल ३५ रुपैयाँ दिनेभन्दा अर्को कुरा गरेको छैन। दोस्रो चरणको वार्तामा सरकारले नयाँ ढंगले मूल्य निर्धारण गर्ने प्रस्ताव गरेको छ। हामीले ७० रुपैयाँ चाहिन्छ भनेका छौं।'

यता किसान आन्दोलनस्थल माइतीघर मण्डलामा दिनहुँ प्रायः सबै दलका वरिष्ठ नेतादेखि सांसद आन्दोलनमा प्रतिबद्धता जनाउन पुग्छन्। आश्वासन दिन्छन्, किसानको माग पूरा हुनुपर्नेमा जोड दिन्छन्। तर किसानहरू भने बर्सेनि आन्दोलन गर्न राजधानी पुग्नुपर्छ। काठमाडौंमा जारी सडक आन्दोलन क्रममा पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल, बाबुराम भट्टराई, पूर्वउपप्रधानमन्त्री उपेन्द्र यादव, राजेन्द्र महतो, नारायणकाजी श्रेष्ठ, हृदेश त्रिपाठी, चन्दा कार्कीलगायतका नेताहरू पालै पालो पुगेका थिए। सबैले किसानको मागमा ऐक्यबद्धता जनाए पनि किसानहरू उनीहरूका भाषण पीडामा लगाएको मिथ्या मलमको संज्ञा दिए।

तर, सरकार प्रति क्विन्टल अनुदान ३५ रुपैया नै दिने तयारीमा रहेको किसानहरूको आरोप छ।

आर्थिक वर्ष २०७१/२०७२ देखि किसानहरूले सरकारबाट अनुदान रकम पाउँदै आएका छन्। त्यसअघि सरकारले उद्योगीहरूले चिनी बेचेबापतको भ्याट रकममध्ये ९० प्रतिशत फिर्ता दिने र उद्योगीले सोही रकम किसानलाई दिँदै आएको थियो।

आर्थिक वर्ष २०७५/७६ देखि कार्यविधि बनाई प्रतिक्विन्टल ७० रुपैयाँ दिन थालिएको हो। तर गत आर्थिक वर्षका लागि बजेट विनियोजन गरी पनि अनुदानबापतको रकम किसानहरू पाउन सकेका छैनन्।

यस विषयले संसद्मा समेत प्रवेश पाएको छ। शुक्रबार बसेको प्रतिनिधि सभाको बैठकमा बोल्ने अधिकांश सांसदहरूले उखु किसानको जारी आन्दोलन यथाशीघ्र सम्बोधन हुनुपर्ने बताएका छन्। आन्दोलनरत किसानहरूले माग गरेबमोजिमको रकम तत्काल उपलब्ध गराउन सत्ता पक्ष र प्रतिपक्षका सांसदहरूले आवाज उठाएका छन्।

सत्तारूढ दल नेपाली कांग्रेसका सांसद एनपी साउदले किसानको माग बमोजिमको व्यवहार देखाउन सरकारलाई आग्रह गरे। सांसदहरू अच्युत प्रसाद मैनाली, किसान श्रेष्ठ, शक्ति बस्नेत, नागिना यादव, माधव सकापकोट, ज्ञानेन्द्र शाहीलगायतले पनि उखु किसानको आन्दोलन सम्बोधन हुनुपर्नेमा जोड दिए।

सरकार र आन्दोलनरत किसानहरू वार्तामा पनि छन्। तर, वार्ता निष्कर्षविहीन छ।

शुक्रबार सिंहदरबारमा भएको वार्तामा दुवै पक्षले अडान नछोडेपछि वार्ता निष्कर्षविहीन बनेको वार्तामा सहभागी किसान नेता बृज यादवले बताए। उनले शनिबार आन्दोलनका थप कार्यक्रम सार्वजनिक गरिने जानकारी दिए।

## राइड...

रोक्ने र चढाउने ठाउँ नभएका कारण र युवा पुस्ता बिदेसिनाले पनि यात्रुको संख्यामा कमी आएको उनको भनाइ।

अर्की चालक विमला श्रेष्ठ पनि राइड सेयरिङकै कारण सार्वजनिक यातायातमा सवारी घटिरहेको बताउँछिन्। 'मान्छेले सजिलो खोज्न थाले। त्यसैले इन्ड्राइभ, पठाओ चढ्न खोज्छन्। हाम्रोमा अलि बेर कहीँ रोक्दा ट्राफिक आएर चिट काट्छन्। न खाना खान पाइन्छ न पिसाब फेर्न। केही भनेसी तेरो खाना खाने ठाउँ हो घर गएर खा भन्छन्। काम या गरिरा'छ खाना खान घर कतिबेला जानु,' श्रेष्ठले आक्रोश पोखिन्।

सुन्धारास्थित टेम्पो स्टेसनमा यात्रु चढाउन जम्मा ३ मिनेटको समय दिइएका कारण पनि थोरै संख्यामा सवारी हुने गरेको उनको बुझाइ छ। भन्छिन्, 'हामीलाई जम्मा ३ मिनेटको टाइम हुन्छ। त्योभन्दा बढी बस्न दिन्न। बाटोमा नि रोक्ने टाइम हुन्न। हिँड्दा हिँड्दै टिप्ने हो। कहिले पाइन्छ कहिले पाइँदैन।'

स्टेसनका व्यवस्थापक सिंहबहादुर तामाङ राइड सेयरिङ सार्वजनिक यातायातमा यात्रु घट्नुको मुख्य कारण भएको बताउँछन्। 'मेन भनेको इन्ड्राइभ भन्छ, केके छन्। तिनीहरूले यात्रु घटाएको छ,' उनी भन्छन्। नेपालमा रोजगार नभएका कारण वैदेशिक रोजगारीमा जानेको संख्या बढ्नु पनि यात्रु घट्नुको अर्को कारण भएको उनले औंल्याए।

चालक कमला भुजेल पनि राइड सेयरिङलाई नै यात्रु घट्नुको कारक मान्छिन्। 'जहाँ भन्यो त्यही लगिदिन्छन् अनि यात्रा गर्नेलाई सहज लाग्छ। पहिला तिनीहरू थिएनन् अलिअलि हुन्थे सवारी। अहिले त किस्ता तिर्न नि गाह्रो हुन्छ। छाक टार्नै मुस्किल जस्तो पर्छ कहिले कहिले त,' उनी भन्छिन्।

फुटपाथ व्यावसायीलाई काठमाडौं महानगरले निश्चित ठाउँ र समय तोकिदिएका कारण पनि यात्रुको संख्या घटेको बताउँछन् अर्का चालक कमल सापकोटा। उनी भन्छन्, 'पहिले फुटपाथहरू पनि धेरै हुन्थ्ये। त्यसले गर्दा व्यापारी आउजाउ गर्थे। अहिले दिउँसो महानगरले फुटपाथ राख्न नदिएको अवस्था छ। यात्रुहरू घट्नुको एउटा कारण यो पनि हो।'

टेम्पोको संख्या धेरै भएका कारण यात्रु घटेका हुन् कि ? भन्ने मध्यान्हको प्रश्नमा उनले पहिलेबाटै उपत्यकामा भएका ७ सय २० टेम्पो मात्र सञ्चालनमा रहेकाले टेम्पोको संख्या धेरै भएका कारण यात्रु घटेको भन्न नमिल्ने उल्लेख गरे। निम्न वर्गका साना व्यावसायीलाई ठाउँ र रोजगारको व्यवस्था मिलाइदिन उनले सरकारसँग माग पनि गरे।

राइड सेयरिङ प्रयोग व्यापक बन्दा सवारीको संख्या घटेकाले यातायात व्यवसायी चिन्तित छन्। सरकारले बस बिसौनी वा विभिन्न स्टेसनको समेत व्यवस्था नगर्नाले अरूको साधन भाडा चलाउनेलाई शुल्क तिर्न पनि धौधौ भएको उनीहरूको गुनासो छ। यस समस्यालाई न्यूनीकरण गर्न सरकारले गाडी रोक्ने समय बढाइदिनुपर्ने उनीहरूको धारणा छ।

यसका साथै साना व्यवसायीहरूका लागि प्रोत्साहनस्वरूप विभिन्न रोजगारीको सिर्जना गरिदिँदा आवतजावत गर्ने यात्रुको संख्या बढेर आफूहरूको काम पनि फस्टाउने व्यवसायीहरू बताउँछन्।

## खापुङ...

एआइजीहरूलाई समेत असर गर्ने भन्दै सरकार पक्षको चौतर्फी विरोध भएको थियो। भदौ १८ सम्म दीपक थापाको सेवा अवधि भए पनि प्रधानमन्त्री चीन भ्रमण जाने भएपछि शुक्रबारकै मन्त्रिपरिषद्ले भावी आइजिपीको टुंगो लगाएको हो। समय छोटो भएकाले खापुङ देखिनेगरी कुनै काम गर्ने सम्भावना नभएको प्रहरी अधिकृतहरू बताउँछन्। बधाई र सम्मानमै दुई महिनाको अवधि सकिने भएकाले नवनियुक्त आइजिपीबाट सांगठनिक सुधार, सुरक्षा तथा अपराध अनुसन्धानको पाटोमा ठुलो सुधार हुने अपेक्षा नगरिएको नेपाल प्रहरीका एक उच्च अधिकारीले मध्यान्हसँग भने।

प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) प्रमुख रहेका खापुङ हालका आइजिपी दीपक थापा, एआइजी टेकबहादुर तामाङ र सुदीप गिरीले १९ भदौ २०५२ मा नियुक्ति पाएका थिए। २०५१ मा प्रहरी निरीक्षक प्रतिस्पर्धामा सामेल समूहलाई तत्कालीन सरकारले तीन चरणमा नियुक्ति दिँदा खापुङ तेस्रो चरणमा परेका कारण अहिले आइजिपी बन्ने भाग्यमानी प्रहरी अधिकृत बन्न पुगेका हुन्। यसअघिकै लटमा उनको नियुक्ति भएको भए उनी एक्ला प्रतिस्पर्धी बन्नबाट वञ्चित हुने थिए।

प्रहरी नियमावली २०७१ अनुसार आइजिपी ५८ वर्ष उमेर, ४ वर्ष पदावधि र ३० वर्ष सेवाअवधिको प्रावधानमध्ये जुन पहिले आउँछ, त्यसकै आधारमा अनिवार्य अवकाशमा जाने व्यवस्था छ। हालका आइजिपी तेस्रो प्रावधानबाट अवकाशमा जान लागेका हुन्। यही प्रावधानबाट खापुङको पनि अवकाश ६९ दिनपछि हुनेछ। पछिल्लोपटक सरकारले नियमावलीको नियम १२७ को प्रावधानमा रहेको ३० वर्षे सेवाअवधि हटाएर उमेर र पदावधि मात्रै रहने गरी नियम संशोधनको प्रयास गरेको थियो।

सरकारको गुपचुप प्रयासबारे समाचार बाहिरिएपछि सरकार सार्वजनिक रूपमा आलोचित भयो र सर्वोच्च अदालतको फैसलाविपरीत हुने देखेपछि सरकार पछि हटेको हो। २३ मंसिर २०२७ मा तेह्रथुमको मोराहाङमा जन्मेका ५५ वर्षीया खापुङ सीआईबीबाहेक कोशी प्रदेश प्रहरी प्रमुख, काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयसहित वडा, इलाका र विभिन्न जिल्लामा प्रहरी प्रमुख, प्रधानमन्त्रीको सुरक्षा अधिकृतलगायत युनिटमा रहेर काम गरिसकेका छन् भने हाइटीस्थित संयुक्त राष्ट्र संघीय शान्ति मिसनमा दुईपटकको कार्यअनुभव छ।

त्यस्तै इटाली, कोरिया, भियतनाम र चीनबाट विभिन्न सुरक्षासम्बन्धी तालिम लिएका उनी त्रिभुवन विश्वविद्यालयबाट स्नातकोत्तर, कानुनमा स्नातक हुन्। अच्युतकृष्ण खरेल आइजिपी भएका बेला चलाइएको किलो सेरा टु अपरेसनमा समेत उनले सफलतापूर्वक कमान्ड गरेका थिए। २०७३ सालमा एसपी बढुवा भएका उनी सर्वेन्द्र खनाल आइजी भएका बेला कप्र (कर्मचारी प्रशासन) र दुईवर्षे विशेष ब्युरोमा बसे। २०७७ मा एसएसपी बढुवा भएर काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको कमान्ड गरे। २०८० मा डिआइजी, २०८२ मा एआइजी भएका खापुङ अहिले आइजिपी बनेका हुन्।

**३३औं नेतृत्वका लागि अहिलेबाटै चलखेल**

नव नियुक्त आइजिपी खापुङको दुई महिनामै कार्यावधि सकिने भएपछि प्रहरीमा त्यसपछिको नेतृत्वका लागि समेत अहिलेबाटै चलखेल हुन थालेको छ। मेरिटका आधारमा नियुक्त भए खापुङपछिको दोस्रो वरीयतामा रहेका एआइजी सिद्धिविक्रम शाह प्रहरीको ३३औं महानिरीक्षक बन्ने पक्का छ।

शुक्रबार नियुक्त प्रहरी प्रमुख खापुङ प्रधानमन्त्री ओलीनिकट भएकाले उनीलगत्तै शाहलाई प्रहरी प्रमुख बनाउनेगरी कांग्रेस सभापति शेरबहादुर देउवा र प्रधानमन्त्री ओली सहमति भइसकेको उच्च स्रोतको दाबी छ। यद्यपि एआइजीहरू दानबहादुर कार्की, राजन अधिकारी र मनोज केसीसमेत शक्तिकेन्द्र धाइरहेका छन्। हालका आइजिपी थापासहित चार जना प्रहरी अधिकृत अवकाश हुँदा त्यति नै संख्याका डिआइजीले एआइजी र एसएसपीले डिआइजी हुने मौका पाउनेछन्। त्यसका लागि योग्यता पुगेका प्रहरी अधिकृतहरू राजनीतिक नेतृत्वको दैलो चाहार्न निरन्तर लागेको नेपाल प्रहरीको उच्च स्रोतले बताएको छ।

भावी आइजिपीसँगै एआइजीका लागि पनि त्यत्तिकै प्रतिस्पर्धा भइहरेको छ। भदौमा रिक्त हुने तीन एआइजीका लागि एउटै ब्याचका चार डिआइजीहरू डम्बरबहादुर विक, सुशीलसिंह राठौर, उमाप्रसाद चतुर्वेदी, र हिमालयकुमार श्रेष्ठ प्रमुख दाबेदार रहेका छन्। त्यस्तै, डिआइजी ईश्वर कार्की, राजेन्द्रप्रसाद भट्ट, दिनेशकुमार आचार्य, अरुण पौडेल र गोविन्द थपलिया पनि भदौको एआइजी बढुवाको दाबेदारी पेस गरेका छन्।

## सरकारले....

मन्त्रिपरिषद् र मन्त्रालयले आदेशमार्फत आवश्यक व्यवस्था तोकर र हेरफेर गरेर त्यसको सूचना दिने हो। प्रस्तावित विधेयक ऐनमा रूपान्तरित भएपछि सरकारले सूचित आदेशमार्फत हदबन्दी तोक्न र हेरफेर गर्न पाउँछ। यस्तो अधिकारको दुरुपयोगको खतरा रहेको भनेर विपक्षी दलहरूले विरोध गर्दाका बाबजुत भूमिसम्बन्धी केही नेपाल ऐन संशोधन विधेयक प्रतिनिधि सभाबाट पारित भएर अगाडि बढेको छ।

एकातिर जग्गाको हदबन्दी तोक्ने जस्तो विषयमा संसदले सरकारलाई अधिकार प्रत्यायोजन गर्ने भनेको छ। अर्कोतिर प्रत्यायोजित अधिकार मन्त्रिपरिषद् वा सम्बन्धित मन्त्रालयले प्रयोग गर्ने भनिएकाले भूमि विधेयकको सही प्रयोग हुनेमा शंका रहेको विपक्षी दलका नेताहरूले बताएका हुन्।

विधायन ऐन बनाएरै कानुन बनाउने अधिकार संसदमा अधिक राख्न खोजिएको छ। तार, भूमि विधेयकको हकमा जग्गाको हदबन्दी तोक्ने जस्तो विषयमा निर्णय गर्ने अधिकार सरकारलाई छाड्न खोजिएपछि विरोध भएको हो। यसअघि व्यवस्थापिका संसदबाट जग्गाको हदबन्दी तोकिएको थियो। सरकारले नै हदबन्दी तोक्न र हेरफेर गर्न सक्नेगरी आएको प्रस्तावित विधेयक ऐनमा रूपान्तरित भए प्रचलित व्यवस्था तोडिनेछ।

माओवादी केन्द्रका सांसद माधव सापकोटाका भूमि विधेयकले कम्युनिस्ट सरकार र कम्युनिस्ट नेताले जमिनमा सरकारको स्वामित्व स्थापित गर्ने विश्वास खण्डित गरेको बताउँछन्।

'कम्युनिस्ट प्रधानमन्त्री छन् भन्न लाज हुने अवस्था छ,' उनले भनेका छन्, 'भूमिहीनको पक्षमा होइन सरकार निश्चित वर्ग, घरजग्गा व्यवसायीका लागि मात्रै काम गरिरहेको छ।'

## कुवेतमा...

धन्दामा लामो समयदेखि कुवेतमा चुपचाप बसेर कारोबार गरेका सुनार पक्राउ परेपछि अँध्यारो चित्र सार्वजनिक भएको टिप्पणी पनि समाचारमा गरिएको छ।

निराशामा रहेका नेपालीहरूको शोषण गरी सुनारले उनीहरूको दुःखबाट लाभ उठाएको भन्दै समाचारमा कुवेतबाट युरोपतिर भाग्ने प्रयास गर्दा मृत्यु भएका धेरै नेपाली प्रवासीहरूको मृत्युमा उनको भूमिका थियो कि थिएन भन्ने प्रश्नको गम्भीर छानबिन आवश्यक रहेको जिकिर गरिएको छ।

नेपाल प्रहरीले आग्रह गरेपछि कुवेती जासुसहरूले उनलाई कुवेतको भीडभाडयुक्त मानिने जलीबमा पत्ता लगाएका थिए। तर उनलाई कुवेतको कानुनअनुसार छानबिन नगरी नेपाल पठाइएको थियो। सुनारले २०७२ साल असार २७ गते एक युवतीलाई विवाह गर्छु भनेर विभिन्न किसिमको प्रलोभनमा पारी भारतको हिमाञ्चल प्रदेशको सिम्लामा लगेर बेचबिखन गरेको उजुरी परेको थियो।

यसअघि मानव बेचबिखन तथा ओसारपसार मुद्दामा इन्टरपोलबाट रेड नोटिस जारी भएका धनुषा जनकनन्दिनी गाउँपालिका-४ का दिलीप राउतलाई पनि एनसिबी कुवेतको समन्वयमा कुवेतमा पक्राउ गरेर नेपाल फिर्ता ल्याइएको थियो। नेपालमा विभिन्न अपराधमा संलग्न भएका व्यक्ति कुवेतमा पक्राउ पर्ने क्रम बढेको छ। नेपालीहरू कुवेती कानुन उल्लंघनको आरोपमा पक्राउ पर्ने गरेका छन्।

यता कुवेतमा दुई साताअघि भएको विषाक्त मदिराको अवैध उत्पादन र बिक्रीमा १६ नेपालीसहित २३ जनाको मृत्यु र १६० जना घाइते भएको घटनामा संलग्न नेपालीहरूले चर्को मूल्य चुकाउनुपर्ने भएको छ। कुवेती सञ्चारमाध्यमहरूले अवैध मदिरा कारोबारका मुख्य कारोबारी मानिएका चार जनालाई मृत्युदण्डको सजाय हुनसक्ने आंकलन गरेका छन्।

कुवेतको गृह मन्त्रालयले विषाक्त मदिरा सेवनपछि उपचारार्थ अस्पतालमा भर्ना भएका सबै विदेशीलाई उपचारपछि देश निकाला गर्ने बताएको छ। देश निकालामा पर्नेमा कम्तीमा ३५ नेपाली कामदार रहेको बताइएको छ।

नेपालीहरू एकपछि अर्को गर्दै पक्राउ पर्ने, तर भिजिट भिसा वा अन्य अवैध मार्ग भएर पुग्नेहरूप्रति नेपाली दूतावासको उदार नीति रहेको कतिपयको टिप्पणी छ। कुवेतमा सार्वजनिक र निजी क्षेत्रमा काम गर्ने विदेशी कामदारहरूका लागि वर्किङ भिसा र निवास अनुमतिपत्र (इकामा) अनिवार्य छ। तर भिजिट भिसामा गएका नेपालीहरूले नेपाली दूतावासको पत्र बिना उक्त अनुमति पाउँदैनन्।

नेपाली दूतावासले दैनिक ३०-३५ जनालाई पत्र दिने गरेको र दूतावासको उक्त उदार व्यवहारका कारण गैरकानुनी रूपमा अर्थात् भिजिट भिसामा जानेहरूको संख्या नघटेको र जोखिम बढाएको बताइन्छ।

कुवेतको घरेलु श्रम बजारमा नेपाली महिला कामदारको संख्यामा आश्चर्यजनक रूपमा ६१ प्रतिशतले वृद्धि भएको अरब टाइम्स अनलाइनले गत जुलाई २१ को अंकमा उल्लेख गरेको थियो।

## महासचिव...

साधारणसभाले कुशकुमार जोशीको अध्यक्षतामा २५ सदस्यीय नयाँ कार्यसमिति निर्वाचित गरेको छ। संस्थाको महासचिवमा सुरेन्द्रवीर मालाकार रहेका छन्। पत्रकारिता र राजनीतिक शास्त्रमा स्नातकसम्मको अध्ययन गरेका व्यवसायी बस्नेत ग्लोबल राइजिङ प्लेसमेन्ट प्रालिकासञ्चालक हुन्। रोटरी क्लब गोंगबुको सन् २०१९-२० का प्रेसिडेन्ट रहेका व्यवसायी बस्नेत विभिन्न सामाजिक क्षेत्रमा क्रियाशील रहेका छन्।

नेपालमा भएको दशक लामो सशस्त्र द्वन्द्वको पीडादायी समयमा तीन प्रमुख व्यावसायिक संस्थाहरू अर्थात् नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल चेम्बर अफ कमर्स र होटल एसोसिएसन अफ नेपालले संयुक्त रूपमा काठमाडौंमा 'शान्ति निर्माण, मेलमिलाप र विकासमा निजी क्षेत्रको भूमिका' शीर्षकको राष्ट्रिय सम्मेलन आयोजना गरेर राष्ट्रिय व्यावसायिक पहलको स्थापना भएको थियो।

विगतमा नेपाल वैदेशिक रोजगार व्यवसायी संघका तत्कालीन अध्यक्ष रोहन गुरुङको निवासमा भएको बम विस्फोटनको घटनामा राष्ट्रिय व्यावसायिक पहलले भर्त्सना गर्दै सुरक्षा र राहतका लागि सरकारसँग जोडदार माग गरेको थियो।

मध्यान्ह
www.madhyanhadaily.com



प्रधानमन्त्री ओलीको चीन भ्रमण

# पुटिनसहित ६ राष्ट्रका प्रमुखसँग भेट गर्ने



**काठमाडौं/मस-** प्रधानमन्त्री केपी शर्मा ओली आज चीन भ्रमणमा जाने भएका छन् ।

चीनका राष्ट्रपति सी चिनफिङको मैत्रीपूर्ण निमन्त्रणामा नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै प्रधानमन्त्री ओली चीनको पाँचदिने भ्रमणमा जान लागेका हुन् ।

ओलीले मित्रराष्ट्र चीनको तियान्जिन सहरमा आयोजना हुने शांघाई सहयोग संगठन (एससिओ) को शिखर सम्मेलनमा भाग लिन जनवादी गणतन्त्र चीनको आफ्नो आसन्न भ्रमणबारे शुक्रबार प्रतिनिधिसभाको बैठकमा जानकारी गराएका थिए ।

यस भ्रमणबाट नेपाल र जनवादी गणतन्त्र चीनबीचको द्विपक्षीय सम्बन्धलाई थप सुदृढ र मैत्रीपूर्ण बनाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ । प्रधानमन्त्री ओलीले 'एससिओ' शिखर सम्मेलनमा आफ्नो सहभागिताले अन्तरराष्ट्रिय मञ्चमा समसामयिक विषयमा नेपालको अवधारणा एवं प्राथमिकताको प्रस्तुतिबाट नेपालको छवि र प्रतिष्ठा अभिवृद्धि हुने विश्वास व्यक्त गरे ।

नेपालले सो संगठनमा देशको सहभागिताको स्तर अभिवृद्धि गर्दै समसामयिक क्षेत्रीय र अन्तरराष्ट्रिय मामिलामा आफ्नो दृष्टिकोण र प्राथमिकता स्पष्ट रुपमा उजागर गरी अत्यधिक लाभ हासिल गर्न भ्रमण केन्द्रित हुने प्रधानमन्त्री ओलीले स्पष्ट गरे । नेपाल सन् २०१६ देखि सो संगठनको संवाद साझेदार रहँदै आएको छ ।

भ्रमणका क्रममा चीनका राष्ट्रपति सीसँग प्रधानमन्त्री ओलीको दुईपक्षीय भेट हुने कार्यक्रम छ ।

यसैगरी, चीनका उपराष्ट्रपति हान चङ्गसँग पनि उनको भेट हुनेछ । यसैगरी चीनका राष्ट्रपति र उपराष्ट्रपतिले दिने छुट्टाछुट्टै रात्रिभोजमा समेत नेपाली प्रतिनिधिमण्डल सहभागी हुनेछन् ।

प्रधानमन्त्री ओलीले यही भदौ १६ गते तियान्जिनमा हुने 'एससिओ प्लस' शिखर सम्मेलनमा नेपाली प्रतिनिधि मण्डलको नेतृत्व गर्दै सम्बोधन गर्नेछन् ।

शिखर सम्मेलनका क्रममा विभिन्न मित्रराष्ट्रहरूका राष्ट्र तथा सरकार प्रमुखहरूसँग प्रधानमन्त्री ओलीले द्विपक्षीय भेटवार्ता गर्ने कार्यतालिका रहेको छ ।

ती भेटघाटमा नेपाल र ती मुलुकबीचका द्विपक्षीय एवं अन्य प्राथमिकताका विषयमा छलफल हुनेछ ।

हालसम्म रूसी महासंघका राष्ट्रपति भ्लादिमीर पुटिन, गणतन्त्र माल्दिभ्सका राष्ट्रपति डा.मोहमद मिज्जु, कम्बोडिया अधिराज्यका प्रधानमन्त्री डा सोमदेक मोहा बोरभोर तिपाहदे हुन महानेट, लाओ जनप्रजातान्त्रिक गणतन्त्रका प्रधानमन्त्री सोनेसाइ सिपानडोन तथा समाजवादी गणतन्त्र भियतनामका प्रधानमन्त्री फाम मिन चिङसँग छुट्टाछुट्टै भेटवार्ताको तय भएको छ ।

भ्रमण दलमा प्रधानमन्त्री ओलीका धर्मपत्नी राधिका शाक्य, पूर्वउपप्रधानमन्त्री एवं प्रतिनिधिसभा सदस्य पूर्णबहादुर खड्का, शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री रघुजी पन्त, संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डे, पूर्वमन्त्री एवं प्रधानमन्त्रीको आर्थिक तथा विकास सल्लाहकार डा.युवराज खतिवडा, पूर्वमन्त्री एवं प्रतिनिधिसभाका सदस्य छविलाल विश्वकर्मा र नेपाल सरकारका उच्चपदस्थ कर्मचारी सहभागी हुँदैछन् । सन् २००१ मा स्थापना गरिएको एससिओ संगठन विश्वकै सबैभन्दा ठूलो क्षेत्रीय संगठनमध्ये एकका रूपमा विकसित भइसकेको छ । चीन, रूस, भारत, पाकिस्तान, काजकिस्तान, कीर्गिस्तान, ताजिकिस्तान, उज्वेकिस्तान, इरान र बेलारुस यसका पूर्ण सदस्य राष्ट्रहरू हुन् । अफगानिस्तान र मंगोलिया पर्यवेक्षक राष्ट्रहरू हुन् । नेपालसहित टर्की, श्रीलंका, अजरवैजान, आर्मेनिया, कम्बोडिया, इजिप्ट, कतार, साउदी अरेबिया, कुवेत, मालदिभ्स, म्यानमार, बहराइन र संयुक्त अरब इमिरेट्स संगठनका संवाद साझेदारहरू (डायलग पार्टनर) हुन् ।

# भ्रष्ट नेताहरूलाई निर्वाचनमार्फत हटाउन जरुरी : मन्त्री राई



**काठमाडौं/मस-** रक्षामन्त्री मानवीर राईले भ्रष्ट नेताहरूलाई निर्वाचनमार्फत हटाउन जरुरी रहेको बताएका छन् ।

शुक्रबार काठमाडौंमा आयोजित एक कार्यक्रमलाई सम्बोधन गर्दै उनले यस्तो बताएका हुन् ।

उनले पार्टीमा अशुद्धता भएका मानिसहरू, भ्रष्ट मानिसहरू छन् भने तिनीहरूलाई निर्वाचनको माध्यमबाट फाल्न जरुरी रहेको बताए । उनले गणतन्त्रको विकल्पमा अर्को कुनै राम्रो व्यवस्था नरहेको जिकिर गरे । उनले गोरखा मिडिया ग्रुपबाट हटिसकेपछि पनि बैंकको चेकमा हस्ताक्षर गरेर रवि लामिछानेले पैसा उठाएको बताए । उनले कानुनअनुसार कारबाही गर्दा प्रतिशोध साँध्यो भन्ने गरिएको बताए ।

मन्त्री राईले भने, 'पार्टीमा अशुद्धता भएका मानिसहरू, भ्रष्ट मानिसहरू हरेक पार्टीमा छन् भने त्यसलाई फाल्न जरुरी छ । त्यसलाई निर्वाचनमा हराउन जरुरी छ । तर यो बहुदलीय व्यवस्था गणतन्त्रको विकल्पमा कोही अर्को उत्तम व्यवस्था हुन सक्दैन । प्रतिशोधको नारा छ । बौद्धिक जमात बोल्ने समय फेर आयो । जान्नेलाई छान्ने अरे । बैंकको चेकमा सही गर्नेकुरा रवि लामिछाने जत्तिको मान्छेलाई कसैले जबरजस्ती सही गरिदिएको हो र ? गोरखा मिडिया ग्रुपबाट हटिसकेपछि पनि चेकहरू काटिएका छन् । अनि प्रतिशोध यो सरकारले साँध्यो । प्रतिशोधन साँध्यो भने अहिले मुद्दा चलिरहेका कांग्रेसका नेता, हाम्रै माननीय टोपबहादुर रायमाझी के नि ? संसदमा कुरा उठ्यो, छानविन भएर अघि बढेको प्रक्रिया हो ।' मन्त्री राईले अहिलेको व्यवस्थामा नै आदिवासी, जनजातिहरूले चाहेका कुराहरू प्राप्त गर्न सकिने बताए ।

# अकुत सम्पत्ति आर्जन गरेको अभियोगमा नापी अधिकृतमाथि मुद्दा दायर



**काठमाडौं/मस-** अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गैरकानुनी रूपमा सार्वजनिक जग्गा व्यक्तिका नाममा दर्ता गरी अकुत सम्पत्ति आर्जन गरेको अभियोगमा नापी कार्यालय भैरहवा रूपन्देहीका कार्यरत नापी अधिकृत सुग्रीव यादवविरुद्ध शुक्रबार विशेष अदालतमा मुद्दा दायर गरेको छ ।

राजनीतिक व्यक्ति र माथिल्लो विभागीय प्रमुखलाई प्रभावमा पारेर नापी अधिकृत प्रमुख रहने दरबन्दी रिक्त बनाई वर्षौंसम्म निमित्त कार्यालय प्रमुखका रूपमा रही यादवले गैरकानुनी रूपमा सम्पत्ति आर्जन गरेको आयोगले ठहर गरेको छ । आयोगले यादव सार्वजनिक पदमा प्रवेश गरेको २०५३ असार १३ गतेदेखि २०८१ असार १६ गतेसम्मको अवधिको परीक्षण गरेको थियो ।

सो अवधिमा यादवले विभिन्न आयमार्फत रु नौ करोड तीन लाख ९५ हजार ४४४ वैध सम्पत्ति आर्जन गरेको देखिएको छ । सो अवधिमा यादवले रु १४ करोड ८३ लाख ५७ हजार ८८४ बराबरको खर्च तथा लगानी गरेको देखिन आएको छ । वैध आय र खर्चबीचको रु पाँच करोड ७९ लाख ६२ हजार ४४० बराबरको सम्पत्तिको स्रोत खुल्न नसकेको आयोगको ठहर छ ।

आयोगले रु पाँच करोड ७९ ६२ हजार ४४० बराबरको बिगो दाबी गर्दै आज विशेष अदालतमा मुद्दा दायर गरेको छ । गैरकानुनी रूपमा आर्जन गरेको सम्पत्ति यादवले श्रीमती गायत्री यादव, छोराहरू सुधान्सु यादव र शुभम यादवका नाममा राखेको पाइएको आयोगले दाबी गरेको छ । आयोगले उनीहरूविरुद्ध पनि प्रतिवादी कायम गर्दै मुद्दा दायर गरिएको सहायक प्रवक्ता गणेशबहादुर अधिकारीले जानकारी दिए ।

# विद्यालयलाई डेढ लाख सहयोग गर्दै समाजसेवी पाण्डेले मनाए जन्मदिन



**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, १३ भदौ

सन्धिखर्कका युवा समाजसेवी प्रकाश पाण्डेले जन्मदिनको अवसर पारेर आफूले अध्ययन गरेको भगवती माध्यमिक विद्यालय कुर, शंखेटारीलाई १ लाख ५० हजार रुपैयाँ प्रदान गरेका छन् । हाल संयुक्त राज्य अमेरिकामा अध्ययनरत इन्जिनियर पाण्डेले कक्षा ६ देखि १० सम्म यही विद्यालयबाट अध्ययन गरेका थिए । उनी २०४३ सालमा गुल्मी जिल्ला धुर्कोट गाउँपालिका वडा नं. ५ बस्तुमा जन्मिएका हुन् भने २०५८ सालमा एसएलसी उत्तीर्ण गरेका थिए ।

उनका बुबा डिलाराम पाण्डे र आमा गंगादेवी पाण्डे सामाजिक र राजनीतिक क्षेत्रमा सक्रिय छन् । गंगादेवी पाण्डे शहीद शोभाखर धनन्जयकी बहिनी तथा स्व. यमुना भुसालकी दिदी हुन् ।

विद्यालयका प्रधानाध्यापक ध्रुवबहादुर खत्रीका अनुसार प्रकाश पाण्डेद्वारा प्रदान गरिएको रकम गंगादेवी नवप्रवर्तन कोषमा राखिनेछ र कोषबाट आउने व्याज शोध तथा अनुसन्धान कार्यमा खर्च गरिनेछ । उनले भने, 'पठनपाठनका साथै विद्यालयमा अनुकरणीय काम गर्ने व्यक्तिहरू पुरस्कारका लागि योग्य हुन सक्छन् ।'

बुबा डिलाराम पाण्डेले भने, 'नयाँ काम गरेर समाजको अगुवाइ गर्ने व्यक्तिलाई प्रोत्साहन स्वरूप पुरस्कार प्रदान गरिनेछ । मेरा छोरामा सेवा भाव र राष्ट्रप्रेमको भावना छ, र विद्यालयले रकमको सदुपयोग गर्नेमा म आशावादी छु । आगामी दिनमा कोषमा रकम थप्दै लैजाने प्रतिबद्धता छ ।'

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष श्यामबहादुर भुसाल, सन्धिखर्क नगरपालिकाका प्रवक्ता तथा वडा नं. २ का अध्यक्ष मोतिजंग रायमाझी, शिक्षक शोभाखर पन्थी र अन्य सदस्यहरूले पाण्डे परिवारको योगदानको खुलेर प्रशंसा गरेका छन् ।

# पूर्वप्रदेश प्रमुख अहिराजको मुद्दामा जिल्लाकै सदर



**काठमाडौं/मस-**उच्च अदालत पाटनले मधेश प्रदेश सरकारका पूर्वप्रदेश प्रमुख राजेश झा (राजेश अहिराज) लाई पुपर्क्षका लागि थुनामा पठाउने जिल्ला अदालत काठमाडौंको आदेश सदर गरेको छ ।

मुख्यन्यायाधीश लालबहादुर कुँवर र न्यायाधीश खडानन्द तिवारीको इजलासले शुक्रबार थुनामा पठाउने जिल्लाकै आदेशलाई सदर गरेको उच्च अदालत पाटनका रजिस्ट्रार श्रीलाल पौडेलले जानकारी दिए ।

झाविरुद्ध एक महिलाले २०८१ जेठ ४ गते आफ्नै डेरामा बलात्कार गरेको आरोपमा परेको मुद्दामा जिल्ला अदालत काठमाडौंले पुर्पक्षका लागि थुनामा पठाउने आदेश दिएको थियो । जिल्लाले काठमाडौंको न्यायाधीश पिताम्बर शर्माको इजलासले गत साउन १४ गते थुनामा पठाउने आदेश गरेको थियो । अदालतको आदेशसँगै झालाई पुर्पक्षका लागि डिल्लीबजार कारागारमा राखिएको छ ।

जिल्ला अदालत काठमाडौंको उक्त आदेशविरुद्ध झाले उच्च अदालत पाटनमा निवेदन दिएका थिए । सोही निवेदनमाथिको सुनुवाइपछि जिल्लाकै सदर भएको हो । झालाई गत साउन ४ गते प्रहरी प्रतिवेदनका आधारमा सरकारी वकिलको कार्यालय काठमाडौंले काठमाडौं जिल्ला अदालतमा मुद्दा दायर गरेको थियो ।

# छाउगोठमा सुतेका दुई जनाको मृत्यु, एक घाइते



**अछाम/मस-** छाउगोठमा सुतेका दुई जनाको भीरबाट खसेको ढुंगाले किचेर मृत्यु भएको छ भने अन्य एक जना घाइते भएकी छन् । प्रहरीका अनुसार उनीहरूको घटनास्थलमा नै मृत्यु भएको हो ।

पञ्चदेवल विनायक नगरपालिका-८ सेलापानीस्थित चुरखोली टोलकी ३५ वर्षीया निम खनाल र मंगलसेन नगरपालिका-६ का गोरे भण्डारीकी सात वर्षकी छोरी कविताको छाउगोठमा सुतेका बेला ढुंगाले किचेर शुक्रबार बिहान मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रमुख ओमप्रकाश खनालले बताए । उक्त घटनामा घाइते भएकी कविताकी आमालाई उपचारको लागि स्थानीय स्वास्थ्य चौकी पठाइएको छ ।

# आधुनिक थोक कृषि बजारसम्बन्धी कार्यशाला



**काठमाडौं/मस-** आधुनिक थोक कृषि बजार सम्बन्धी कार्यशाला सम्पन्न भएको छ । सार्वजनिक निजी साझेदारीमा, आधुनिक (अन्तराष्ट्रिय स्तरको) थोक कृषि बजार स्थापना र सञ्चालनको औचित्य, आवश्यकता र लगानी प्रवर्धनको लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालयको सहकार्य, नेपाल उद्योग वाणिज्य महासंघको सहआयोजना र डिएफसिडी/एसएनभी परियोजनाको सहयोगमा मुक्तिनाथ कृषि कम्पनी लिमिटेडले काठमाडौंको लाजिम्पाटमा शुक्रबार कार्यशाला सम्पन्न गरेको हो ।

कार्यशालामा मुक्तिनाथ कृषि कम्पनीका प्रबन्ध संचालक भरतराज ढकालले किसानहरूले गरेको उत्पादनको बाइव्याक ग्यारेन्टी गरी उत्पादनमा प्रोत्साहन गर्न अन्तर्राष्ट्रिय स्तरको थोक बजार आवश्यक रहेकोले कार्यक्रमको आयोजना गरिएको बताए । कार्यक्रममा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अवस्था: चुनौती र अवसरहरू सम्बन्धमा विज्ञ प्रस्तुतीकरण र आधुनिक थोक कृषि बजार स्थापना लगायतका विषयमा छलफल भएको थियो ।

प्रमुख अतिथि तथा कृषि तथा पशुपन्छी विकास मन्त्री रामनाथ अधिकारीले साना किसानहरूको जीवनस्तर उकास्न र ठुला किसानलाई सेवा दिने दिशामा निजी क्षेत्र लाग्नुपर्ने बताएका थिए । त्यस्तै, मन्त्रालयका सचिव डा.गोविन्दप्रसाद शर्माले कृषि विधेयक मन्त्रिपरिषद्मा लैजाने अन्तिम तयारीमा रहेको र ऐन कार्यान्वयन भएपश्चात उत्पादन, प्रशोधन र बजार व्यवस्थापन सम्बन्धी धेरै समस्या समाधान हुने बताए ।

नेपाल उद्योग वाणिज्य महासंघमा उपाध्यक्ष हेमराज ढकालले निजी क्षेत्रका समस्या समाधानको लागि महासंघले विभिन्न पहल गरिरहेको र बजार व्यवस्थापनको लागि करार खेती ऐन निर्माण गर्नुपर्ने भनाइ राखेका थिए ।

# रौतहटका पालिकाहरूमा निमित्तको नेतृत्व हट्यो

**मध्यान्ह संवाददाता**
रौतहट, १३ भदौ

रौतहटका स्थानीय तहहरू अब दरबन्दी अनुसारको प्रमुख प्रशासकीय अधिकृत खटिने भएका छन् ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले एकैपटक ठुलो संख्यामा उपसचिव र शाखा अधिकृतको सरुवा तथा पदस्थापन गरेपछि रौतहटका स्थानीय तहमा पनि नियमित कर्मचारी खटिने व्यवस्था लागू भएको हो ।

मन्त्रालयले जिल्लामा १५ उपसचिव पदस्थापन गरेको छ । यसअघि अधिकांश स्थानीय तह निमित्तको भरमा सञ्चालन हुँदै आएका थिए । अब पहिलो पटक सबै पालिकामा दरबन्दी अनुसारको कर्मचारी खटाइने भएको छ । रौतहटका पालिकामा खटिने प्रमुख प्रशासकीय अधिकृतहरूमा राजपुर नगरपालिकामा पुस्कर राणा, परोहामा दीपक कुमार निरौला, कटहरिया नगरपालिकामा गणेश नेपाली, देवाही गोनाही नगरपालिकामा नारायण पाण्डेय, वृन्दावन नगरपालिकामा महम्मद शेर मुस्तफा, गरुडा नगरपालिकामा नितम कुमार न्यौपाने, राजदेवी नगरपालिकामा तिलोचन रिमाल, गौर नगरपालिकामा मात्रिका आचार्य, बौद्धिमाई नगरपालिकामा डिल्लीराज श्रेष्ठ र गढिमाई नगरपालिकामा इन्द्रदेव पाण्डे रहेका छन् ।

यस्तै गुजारा नगरपालिकामा शान्ति वि.क, माधवनारायण नगरपालिकामा शेखर पौडेल, मौलापुरमा बिकाउ कुमार यादव, फतुवाबिजयापुरमा नवराज अधिकारी, ईशानाथ नगरपालिकामा तुलसी प्रसाद दाहाल रहेका छन् ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले देशभर १२२ जना उपसचिव र ९७ शाखा अधिकृतको एकैपटक सरुवा र पदस्थापन गरेको थियो । यसका साथै देशभरका सबै स्थानीय तहमा निमित्त व्यवस्थालाई अन्त्य गरिएको छ । पहिले रौतहटका १८ स्थानीय तहमध्ये १६ वटा पालिका निमित्तको भरमा सञ्चालन भइरहेका थिए ।


**मलेसियामा रोजगार**
कम्पनी: PROFORALL SECURITY SERVICES & CONSULTANCY SDN BHD — शहर : JALAN
पूर्व स्वीकृत मिति: २०८२/०१/२६ — चलानी नं.: ६०२३७५३६ — LT. No.: 323591 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 106 | 0 | स. काममा दक्ष | 1700 | ५६,४०६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ भदौ २१ गते (6 September 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० रोजगारदाताले | रु. १,५०० रोजगारदाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

TILICHO OVERSEASE PVT.LTD. — Gov. Lic No. 1234/074/075
Omnagar Sinamangal -9, Kathmandu, Tel :01 -4111014/9802800273/9861700427/9851097971
Email : tilichooverseas@gmail.com



**कुवेतमा रोजगार**
कम्पनी: JERNAS REAL ESTATE COMPANY — शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०८२/०५/१३ — चलानी नं.: ६०२४४०८८ — LT. No.: 330188

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | INDOOR CLEANER | 15 | 15 | स. काममा दक्ष | 110 | ५०,३८३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ भदौ २१ गते (6 September 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९५ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।


Guideline Recruitment Service Pvt. Ltd. — Govt.Lic.No 1061/073/74
Samakhushi, Kathmandu, Tel.: 4389497,982-2506451, 982-3461212
Email: info.guideline2024@gmail.com, Web: www.guidelinerecruitment.com



**ओमनमा रोजगार**
कम्पनी: FACILITIES AND HOSPITALITY MANAGEMENT SERVICES AND TRADING LLC — शहर: OMAN
पूर्व स्वीकृत मिति: २०८२/०५/१३ — चलानी नं.: ६०२४४०९० — L.T. No.: 330261

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Head Waiter | 0 | 5 | स. काममा दक्ष | 140 | ५०,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ भदौ २२ गते (7 September 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले | रोजगारदाताले | कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।


AVIOSUPPORT HUMAN RESOURCES PVT LTD — Govt.Lic.No 1574/079/080
Ratopool Ghaushala, Kathmandu, Tel.: 5914474.
Email: info@aviosupporthr.com, Web: www.aviosupporthr.com

कथा

# खै के रहेछ माया ?

*वास्तवमा, म त उसका लागि 'कुहिएको अंग' रहेछु, यही शब्दले घरीघरी चिथोर्छ मलाई आज पनि । मैले मुटु दिएको थिए उसलाई तर बदलामा मेरो सानो आग्रहलाई पनि लत्याइन् उनले । के त्यहाँ माया थियो त ? सँगै सुत्नु माया हो ? सँगै हिँड्नु माया हो ? सँगै बोल्नु माया हो ? खोइ म आजसम्म कन्फ्युजनमा छु माया के हो ? ...*



■ लक्ष्मण सिटौला

ब्याचलर सकेपछि उच्च शिक्षा हासिल गर्न आमाले भनिन्, 'आफैं कमाएर पढ् बाबू ।'

सोचें, आमाको कुरा पनि ठिकै हो । मैले पढेका साथीहरू बेरोजगार भएर घरमै बसेको देखेको थिएँ । जति पढे पनि, हाम्रो समाजमा विद्वानको होइन, जागिरेको खोजी हुन्छ - विशेषतः छोरीका बाबुआमाहरूलाई ।

'पढेर मात्र हुँदैन छोरा, काम पनि खोज ।'

सुतेको बेला पनि आमाको यो कुरा सम्भिन्थेँ, अनि निन्द्रा लाग्दैनथ्यो ।

त्यही बेलामा गोरखा, स्युरिनीटारको एउटा विद्यालयमा अस्थायी शिक्षकको दरबन्दी खुल्यो । विषय पनि मेरै थियो । संचालक समितिको अध्यक्षलाई भेटेँ, सबैको सहमतिमा पढाउन थालेँ ।

विद्यालय नजिकै कोठा लिएँ । भाँडा-भान्साको सामान घरबाट लगेँ । म अंग्रेजीको शिक्षक थिएँ, सबैले माया गर्न थाले । 'राजन सर' भनी बोलाउँथे । रमाइलो लाग्यो । केही दिनमै सबैसँग घुलमिल भएँ । विद्यार्थीको प्यारो, अभिभावकहरूको भरपर्दो बन्न पुगेँ ।

घरमा अवस्था खासै राम्रो थिएन । मैले उच्च शिक्षाको तयारीका लागि पैसा कमाउनुपर्ने थियो । भाग्यले साथ दियो - जागिरे भएँ ।

त्यहाँको वातावरण रमाइलो थियो । तल त्रिशूली बग्थ्यो, माथि गाउँ र जंगल ।

तलब बुझ्ने दिन आयो । एकाउन्टेन्ट थिइन् - सरिना । पहिले-पहिले हेरेका थियौं एकअर्कालाई, बोलचाल खास थिएन । तलब बुझ्न जाँदा कुराकानी भयो । हाम्रो गाउँ उस्तै रहेछ, उनी मामाघरमा बसेर पढेकी रहिछन् । भनिन्, 'सानैमा देखेको थिएँ तिमीलाई ।'

अचम्म लाग्यो । उनले धेरै ख्याल राखेकी रहिछन् मलाई ।

अर्को महिनाको तलब बुझ्दा तीन हजार बढी पाएँ ।

'मेरो तलब अघिल्लो महिनाको भन्दा बढी किन ?'

सरिनाले मीठो हाँसो हाँसिन्, तर केही भनिनन् ।

त्यो हाँसोमा अलिकति स्नेह थियो, कर्तव्यबोध पनि । दया र उदारता मिसिएको त्यो हाँसोमा माया छल्किएको महसुस भयो ।

त्यसपछिका हरेक महिना तलबमा तीन-पाँच हजार थपिन थाल्यो । मनमा सन्त्रास थियो । डर लाग्थ्यो । एक दिन सोधेँ ।

'सर, मैले गर्न सक्ने सहयोग यही हो । अतिरिक्त कक्षा लिनुहोस्, बाँकी म मिलाउँछु ।'

सरिनाको त्यो उत्तर उदारता थियो ।

भोलिदेखि दशौं कक्षाको अतिरिक्त कक्षा लिन थालेँ । उनी पनि मलाई कुर्दै बस्थिन् । क्लासपछि सँगै खाजा खान थाल्यौं ।

हामी धेरै नजिक भइसकेका थियौं ।

शायद यही थियो प्रेम । जहाँ प्रेम मात्र होइन, त्याग, समय, बलिदान, सहयोग, कर्तव्य, खुशी, उदारता, रिस्क र समर्पण मिसिएको हुन्छ ।

स्कूलपछि हामी करिब दुई घण्टा सँगै बस्थ्यौं । उच्च शिक्षाको योजना बनाउँथ्यौं । सरिना पनि ब्याचलर सकेकी थिइन् । केही समय काम गरेर पैसा जम्मा गर्ने लक्ष्य दुवैको थियो ।

बर्ष बित्यो । हाम्रो प्रेम गहिरिँदै गयो । समाजमा हल्ला नचलोस् भनेर चुपचाप थियौं । पढाइ सकिएपछि बिहे गर्ने निर्णयमा पुगेका थियौं ।

१४ महिना पछि दुवै त्रिभुवन विश्वविद्यालयमा उच्च शिक्षामा प्रवेश गर्यौं । मैले अर्थशास्त्र लिएँ, उनले अंग्रेजी । ट्याङला फाटमा सरिनाले कोठा लिइन्, मैले पागामा ।

कमाएर ल्याएको पैसा सकिँदै गयो । सरिनालाई घरको सहयोग थियो । उनी जेठी छोरी थिइन्, दाजुभाइ थिएनन् ।

एकदिन उनले भनिन्, 'दुई जना दुइतिर बसेर दुई घरको भाडा तिर्नु बुद्धिमानी होइन, एउटै ठाउँ बस्दा खर्च कम हुन्छ ।'

उनी सही थिइन् । हामी सँगै बस्न थाल्यौं ।



'लिभ-इन रिलेशनसिप'मा बस्न थालेपछि, घरेलु हस्तकला बनाउँदै हामी महिनाको ३०-४० हजार कमाउँथ्यौं । धेरै माया गर्थें मैंले सरिनालाई । पढाइमा पनि हामी अब्बल थियौं । योजना थियो – पढाइ सकेर अस्ट्रेलिया जाने ।

हाम्रो गाउँ उस्तै भए पनि संस्कार फरक थियो । म बाहुन थिएँ, उनी नेवार समुदायकी । उनीहरूको परिवार अझै कट्टर ।

गाउँमा हाम्रो बारेमा हल्ला फैलियो । अब हामीले बिहे गर्ने निधो गर्यौं । त्यही बेला सरिना गर्भवती भइन् । एक महिनासम्म महिनावारी रोकिएको थियो । एकदिन सरिनाको बाबासँग उनको फोनमा झगडा भयो । सरिना धेरै रोइन् । भोलिपल्ट हामी निजी क्लिनिकमा गयौं । मैले धेरै बिन्ती गरेँ, 'नफाल है सरि, म जिम्मा लिन्छु ।'

तर उनले मानिनन् । त्यो पहिलो मायालाई गिरायौं ।

'अब फर्किन सम्भव छैन सरी । आधा बाटो सँगै हिँडिसक्यौं, बाँकी पनि पार गर्छौं,'

मैले भने ।

मैले आमालाई मनाएँ । उहाँले एउटा सर्त राख्नुभयो, 'उनी नाक छेडेर फुली लगाएर मात्र हाम्रो घर भित्रनुपर्छ ।'

मैले यो कुरा सरिलाई सुनाएँ । सरिना रिसाइन्, 'तिम्रो जातमा फुली छ भने त्यही फुलीसँग बिहे गर । म आफ्नो जातको अपमान गर्दिन ।'

पहिलो पटक उनका शब्दले मलाई गहिरो चोट दियो । म अलमल परें । मैले कोसिस गरेर आमालाई बुझाएको थिएँ, तर के काम लाग्यो ? हाम्रो सम्बन्धमा दरार आउन थाल्यो ।

डिग्री सकिँदै थियो । जातको नाममा झगडा बढ्यो । मन मिल्दैनथ्यो, बोलचाल कम हुँदै गयो । सरिना अब मोबाइल र च्याटमा बढी ब्यस्त हुन थालिन् ।

फेसबुकबाट थाहा पाएँ - उनी बिजय श्रेष्ठ नामका केटासँग नजिकिँदै थिइन् । उनले बोल्नै छोडिन् । खाना बनाउने काममा पनि ध्यान दिँदैनथिन् । म हस्तकला बेचेर ल्याएको पैसाले घर चलाउँथें । एकदिन आमा बिरामी भएको खबर आयो, घर गएको बेला उनले फोन पनि उठाइनन् ।

त्यही बेला थाहा पाएँ - उनका बाबुआमाले मलाई खुलेआम गाली गरेका रहेछन् । उनीहरू सँगै बसेको दुई वर्षलाई जातको नाममा नष्ट पार्न खोजेका थिए । फेरि एउटा दिदीको फोन आयो, 'सरिना बिजय श्रेष्ठसँग गहिरो प्रेममा छिन्, तिमीलाई छोडेर उनी मसँग बस्न आएकी छन् ।'

म बाहुन थिएँ – उनीहरूका लागि 'कुजात' । अब आफ्नै जातको केटा भेटिएपछि सरिना खुसी थिइन् रे !

भूकम्प आयो - २०७२ सालको बैशाख १२ गते ।

६ घण्टापछि बल्ल फोन लाग्यो । तर, सरिनाले होइन, दिदीले उठाइन् । सरिनाले मसँग बोल्न चाहिनन् । त्यो भूकम्पले उनको लागि केही मतलब राखेन । म त भने धेरै रोएँ, 'वा रे प्रेम !'

अब मलाई प्रेम नै घृणित लाग्न थाल्यो । जात भनेको निहुँ मात्रै रहेछ । धोका दिन जातकै बहाना लिने रे । यति धेरै नजिकिएका थियौं – एउटै ओछ्यान, एउटै संघर्ष, एउटै सपना । अनि फेरि... जात ?

'नाक छेडेर फुली लगाउनुपर्छ भने म तिमीसँग बिहे गर्दिन ।' त्यो वाक्य आज पनि मनमा चिथोर्छ ।

माया यत्ति सस्तो हुँदो रहेछ ? सँगै सुत्नु, सँगै हिँड्नु, सँगै बोल्नु – त्यही माया ?

अहिलेसम्म म कन्फ्युज छु, 'माया के हो ?'

वास्तवमा, म त उसको लागि 'कुहिएको अंग' रहेछु, यही शब्दले घरीघरी चिथोर्छ मलाई आज पनि । मैले मुटु दिएको थिए उसलाई, तर बदलामा मेरो सानो आग्रहलाई पनि लत्याइन् उनले । के त्यहाँ माया थियो त ? सँगै सुत्नु माया हो ? सँगै हिँड्नु माया हो ? सँगै बोल्नु माया हो ? खोइ म आजसम्म कन्फ्युजनमा छु माया के हो ?

एक शरीरको एउटा अङ्ग कुहिएपछि काटेर फ्याँकिन्छ र उपचार गरिन्छ । कुहिएको चिजलाई फ्याँक्नुभन्दा अर्को विकल्प थिएन । उसको लागि म कुहिएको थिएँ काटेर फालिन् । शायद अब उनी अजर अमर होलिन् । विजय श्रेष्ठसँग धूमधामले बिहे गरिन रे ! आशीर्वाद दिएको छु मैंले । फेरि अर्कोसँग उनले अतिरिक्त बिहे गर्न नपरोस् । समय धेरै व्यतीत भैसकेको छ । थाहा छैन उनी कुन हालतमा छिन् । यद्यपि, म अविवाहित नै छु । बिहे ठूलो कुरो होइन न ठूलो हो जात । प्रेम नै बिटुलो हुने गरेर किन मानिसहरू प्रेमको अभिनय गर्छन् ? म आजको दिनसम्म भ्रममा छु ।

# किसान रोएको साँझ

कथा



■ शम्भू पनेरू

*तरकारी बेचेर घर फर्किंदा सधैं भोजकुमारको खुट्टा भारी भएका हुन्थे । काँधमा बोकेको तरकारीभन्दा भारी हुन्थ्यो उनको मन । श्रीमतीले मुख हेर्दै सोध्थिन्, 'के भएन त, कति पैसा आयो ?' भोजकुमारले झोली देखाउँथे- जम्मा ५ सय । त्यो रकमले महिनाको नुनतेल त आउँदैन...*

भोजकुमार उमेरले पचास नाघेका छन् । घरमा वृद्ध आमा, श्रीमती र दुई नानीहरू छन् । एउटा छोरो विदेश गएको तीन वर्ष भइसक्यो, तर उसले पठाएको पैसा गाउँसम्म आइपुग्दा ऋण तिर्नेभन्दा बढी केही बाँकी रहँदैन । त्यसैले भोजकुमारको भर खेतीपाती र गाईपालनमै छ ।

बिहान उठ्ने गाईको घाँस र दुधको काम गर्ने अनि दिउँसोभर तरकारी खेतीको काम गर्ने । यसरी नै बित्छ भोजकुमारको दिन । तर, सबैभन्दा गाह्रो उनले उब्जाएका वस्तुको मूल्य छैन ।

परिवारमा नुन अनि तेलको सबैभन्दा बढी जोहो गर्ने दुध छ । तर, दुधको मूल्य निकै थोरै छ । खाँटी दुध, मुस्किलले ६० रुपैयाँमा बिक्छ । बजारमा दुई बोतल पानी बराबर एक लिटर दुधको मूल्य । तर, भोजकुमारलाई हार मानेर पनि उपाय छैन ।

भोजकुमार दुधले नपुगेपछि तरकारी खेतीतर्फ पनि जोडिए । उनले गाउँको माथिल्लो डाँडामा पाँच रोपनी जग्गामा बन्दा, काँक्रो, टमाटर, गोलभैंडा, खुर्सानीलगायतको खेती पनि गरे । तर, महिनौं मेहनेत गर्‍यो, उस्तै...।

बाली राम्रै हुन्छ । तरकारीको खेत हेर्दा उसको मनमा आशा पलाउँछ- यो पटक त ऋण तिर्छु, नानीहरूको पढाइको खर्च पनि चल्छ, आमालाई औषधि पनि किनिदिन्छु ।

मुस्किलसँग बजारसम्म तरकारी पुर्‍यायो । घण्टौं हिँडेर लग्यो । तर, मूल्य नपाउने ।

काठमाडौंबाट व्यापारी ट्रक लिएर तरकारी लिन आउँथे । तर, मूल्य असाध्यै कसेर लैजान्थे । गोलभैंडा जम्मा १५ रुपैयाँ किलो भन्थे ।

"ए हैन, यो त कम्तीमा ३० रुपैयाँ पर्छ नि" भनेर भोजकुमारले आग्रह गर्‍यो । तर, व्यापारीको हाँसोयुक्त जवाफ आयो, "तपाईंलाई महँगो लाग्छ भने लैजानुस् न घरै, हामीलाई किन चाहियो ?"

मन त दुख्थ्यो तर के गर्ने ? 'तरकारी घरै लगेर बिगार्नुभन्दा सस्तोमै बेच्नु सही' भन्दै बेच्यो । केही तरकारी त सस्तो पनि नबिक्ने । खेतमै सुकेर अनि गुहिएर जाने ।

तरकारी बेचेर घर फर्किंदा सधैं भोजकुमारको खुट्टा सैं भारी भएका हुन्थे । काँधमा बोकेको तरकारीभन्दा भारी हुन्थ्यो उनको मन । श्रीमतीले मुख हेर्दै सोध्थिन्, "के भएन त, कति पैसा आयो ?" भोजकुमारले झोली देखाउँथे- जम्मा पाँच सय । त्यो रकमले महिनाको नुनतेल त आउँदैन ।

घाटाको खेतीले भोजकुमारलाई निद्रा लाग्दैन । त्यही दिन खोरमा गाईहरू 'राँव राँव' गर्छन् । पेटभर घाँस खाएर बसिरहे पनि, बजारमा दुधको मूल्य सम्झिँदा उसलाई गाई नै बोझ झैं लाग्छ । "यी बेचिदिऊँ कि ?" भन्ने विचार पनि आउँछ । तर फेरि लाग्छ, "यी नभए त बालबालिकाले बिहान दुध कहाँ पाउँछन् र ?"

कुमरी गाउँको आकाशमा चन्द्रमाले उज्यालो फैलाउँदा भोजकुमार आँगनमा हुन्छन् । उता गाउँका अरू किसान पनि उस्तै पीडामा छन् । कसैको आलु बिग्रेको, कसैको मकै हिलाम्मे, कसैको तरकारीमा डढुवा लागेको । सँगै, बजार र मूल्यले पनि सताइरहेको छ ।

"हाम्रो पसिनालाई कसैले कदर गर्दैन", भोजकुमारले साथीलाई भन्यो । "२ किलो गोलभैंडाले बेच्दा पनि एक कप चिया आउँदैन । यो के न्याय हो ?"

साथीले शिर हल्लायो, "के गर्ने र भोजे दाइ, सरकारलाई त हामीजस्ता किसान कहाँ देखिन्छ र ? सहरतिरका व्यापारीले जति भने पनि हामीलाई त्यहीँ मान्नुपर्छ ।"

त्यो साँझ भोजकुमारको आँखाबाट अश्रु बग्यो । उसको आँसुमा खेतमा बगाएको पसिना मिसिएको थियो । त्यो आँसु केवल उसको व्यक्तिगत पीडा थिएन, त्यो त सम्पूर्ण किसानको दुखाइ थियो ।

बालबालिका निदाइसकेका थिए । श्रीमती पनि थाकेर पल्टिएकी थिइन् । तर, भोजकुमार आँगनमा चुपचाप रोइरहेको थियो । उसको मनमा हजार प्रश्न घुम्थे, "के यो खेतीपाती छोडेर विदेश लाग्नुपर्छ ? के गाउँमा मेहनत गरेर पनि बाँच्नै नसकिने हो ?"

तर फेरि उसको हृदयले भन्यो, "यो माटोले नै हामीलाई जन्म दिएको हो । यही माटोमा पसिना हालेर बाँच्नुपर्छ ।" तर पेटले के गर्ला ? माटोले भोक मेटाइदिँदैन ।

भोलिपल्ट बिहान सबेरै भोजकुमार फेरि खेततिर लाग्यो । आँसु पुछ्यो, खोरमा गाईलाई घाँस हाल्यो । बालबालिकाको भविष्य सम्झेर उसले फेरि कोदालो हातमा समात्यो । गाउँको घाम जस्तै उसको आशा फेरि टल्कियो ।

तर त्यो साँझ, जब बजारमा पुगेको तरकारी फेरि नबेचिएर कुहिन थाल्यो, भोजकुमारको मन फेरि ढलेर आयो । गाउँको डाँडामा बसेर उसले टाढै काठमाडौंतिर हेर्दै भन्यो, "शहरका बत्तीहरू चम्किँदै छन्, तर यहाँ गाउँमा किसानका आँखामा मात्र आँसुको उज्यालो छ ।"

कुमरी गाउँको आकाशमा रातको छाया झर्दै थियो । त्यो साँझ फेरि भोजकुमार रोएको थियो– आफूले होइन, किसान भएर जन्मिनु पर्ने नियतिको कारण ।

कविता

## गरिबका आँसु पुछिदिन्छ कसले ?



खिमराज गिरी

जसको धन छ, उसैको हाईहाई भएको यो समाजमा,
जसको रवाफ, उसैको कवाफ अनि फलिफाप ।
दीनदुःखी, गाँस, बास र कपासको खातिर,
जीवन जिउन बाध्य हुनेहरूको लागि बोल्दैन कोही यहाँ ।
बलेको आगो तापिदिन्छन् सबैले,
तर गरिबका आँशु पुछिदिन्छ कसले ?

भोक र पिरले तातेका करङहरू,
चिसो र रित्तो भाँडामा बजेका धुनहरू,
धनको पहाड बनेको त्यो पापी सहरभित्र,
'मै खाउँ, मै लाउँ'को भावनाले बगेका तनहरूले,
खेद प्रकट गर्छन् कहिलेकाहीँ ती निरीह मनहरूले,
तर गरिबका आँशु पुछिदिन्छ कसले ?

खाली खुट्टाले धुलो चुम्छ, पानी अनि घामले घमाउँछ,
तर पनि पसिना बेचेर अरूको खुशी सजाउँछ ।
उसकै परिश्रममा बाँच्ने र हाँस्ने सबैले,
नाच्छन्, गाउँछन् अनि रमाउँछन्,
स्वार्थका बादलहरू मडारिइरहँदा,
तर गरिबका आँशु पुछिदिन्छ कसले ?

एकाविहानै मन्दिरमा घण्टी बज्छ,
आस्थाले बज्छ या लोक रिज्याइँले ?
धनले पोलेर या मनको डढेलोको गम्भीरताले ?
तैपनि ढोका बाहिर भिख माग्ने खाली हातहरू देख्दा,
ईश्वरले सुन्छन् या सुन्दैनन् –
तर गरिबका आँशु पुछिदिन्छ कसले ?

अपमानको ढुकुटीमा अनेक छन् यस्ता पीडाहरू,
राजनीतिक भाषणमा भने चुम्छन् आश्वासनका पोकाहरू ।
सपना जस्तै खोक्रो नारा, अनि वासनाका वाचाहरू,
विश्राम लिने ठाउँ कतै छैन गरिबको,
जतातत्तै ढाकिएको छ अल्मलिएको गोरेटोले,
तर गरिबका आँशु पुछिदिन्छ कसले ?
तर गरिबका आँशु पुछिदिन्छ कसले ?

गीत

## चाडबाड आयो !



टहल दाहाल 'नवकिरण'

आयो आयो आयो आयो दसैं आयो,
आयो आयो आयो आयो तिहार आयो ।

मामाघर जानु पर्छ, मनको रमाइलो,
शरदको याम आयो, मालश्री घमाइलो ।


धानका बाला फाँटमा झुले, मलेवाले गायो,
आयो आयो आयो आयो दसैं आयो ।

चिठी नभई भेट्न आए, मनका साथी चंगा,
महाकाली, सरस्वती, शक्ति मूल गंगा ।

आकाशका बादललाई पवनले खायो,
आयो आयो आयो आयो दसैं आयो ।

मध्यान्ह
www.madhyanhadaily.com
गो.हु.का.द.नं. ३३/०६९/०७०
१४ भदौ २०८२ शनिबार
30 August 2025 Saturday

# नाजिरको 'गुन्यु चोलो : द ड्रेस' प्रदर्शनमा



**काठमाडौं/मस–** नेपाली चलचित्र 'गुन्यु चोलो : द ड्रेस' शुक्रबारदेखि देशभरका हलमा प्रदर्शनमा आएको छ। समुन्द्र भट्टको निर्देशनमा बनेको यस चलचित्रमा नाजिर हुसेनले पारालैंगिक महिला (ट्रान्सवुमन)को मुख्य भूमिका निभाएका छन् । ट्रेलर र गीत सार्वजनिक भएसँगै नाजिरको अभिनयले प्रशंसा पाएको भन्दै निर्माण पक्षले चलचित्रलाई दर्शकले मन पराउने विश्वास व्यक्त गरेको छ ।

चलचित्रमा नाजिरसँगै सञ्चिता लुइँटेल, सुशील सिटौला, राजकुमार घोष, शिशिर राणा, अनुपम श्रेष्ठ र विशाल पहारीको अभिनय छ । नेपालकै पहिलो पूर्णरूपको ट्रान्स स्टोरीमा आधारित यो चलचित्रको अन्तर्राष्ट्रिय वितरण अधिकार अमेरिकाको बफेलो एट्लेले खरिद गरेको छ । पोस्ट-प्रोडक्सनको सम्पूर्ण काम विदेशमै गरिएको चलचित्रमा एडिट, कलर, मिक्सिङ, साउन्ड डिजाइनदेखि ब्याकग्राउन्ड म्युजिकसम्म हलिउड स्तरमा तयार गरिएको छ । 'ग्ल्याडिएटर-२' मा स्वर दिएकी हलिउडकी गायिका लिजा जेरार्डले यसमा पनि गीत गाएकी छन् भने ब्याकग्राउन्ड म्युजिक मार्सेलो दी फ्रान्सिसीले तयार पारेका छन् ।

'गुन्यु चोलो' नेपाली र हलिउड फिल्म प्रोडक्सन हाउसको संयुक्त सहकार्यमा बनेको हो । आकाश बुढाथोकी र भि-भन्से जानुबोनको लगानीमा बनेको चलचित्रका कार्यकारी निर्माता जेफ्री जे वेन र स्टिभ जोन्स्टन हुन्। अनुपम श्रेष्ठ सह-निर्माता हुन्।

आलोक शुक्लाले खिचेको चलचित्रमा लेखु सहयात्रीका गीत रहेका छन् । यो चलचित्र अमेरिकाको प्रतिष्ठित तस्बिर फिल्म मार्केटमा समेत छनोट भइसकेको छ ।

यता चलचित्र 'जनै हराएको मान्छे : सम्बन्धका धागाहरू' शुक्रबारबाट दोस्रो हप्तामा प्रवेश गरेको छ । राम्रो वर्ड अफ माउथ पाएको चलचित्र शुक्रबार बाट दोस्रो हप्तामा प्रवेश गरेको हो ।

आम निम्ममध्यम वर्गीय नेपालीले भोगिरहेको समस्यालाई उठान गरेर बनाइएको चलचित्रले सकारात्मक वर्ड अफ माउथ पाएको छ । बाबाआमालाई आर्थिक अभावबाट बाहिर निकाल्न छोरोले गर्ने संघर्षको कथा चलचित्रले उठान गरेको छ। यसलाई दर्शकले सकारातमक प्रतिक्रिया दिइरहेका छन् ।

'हाम्रो चलचित्रलाई दशर्कले राम्रो प्रतिक्रिया दिइरहनु भएको छ । त्यसैले दोस्रो हप्तामा थप राम्रोसँग चलचित्र चल्छ भन्ने हाम्रो विश्वास छ,' निर्देशक हिमाल न्यौपानेले भने, 'वर्ड अफ माउथ राम्रो भएकाले चलचित्र पनि त्यही अनुसार चल्छ भन्ने हाम्रो विश्वास छ ।'

चलचित्र हेरेर भावुक हुँदै रोइरहेका भिडियोहरू बाहिर आइरहेका छन् । 'जनै हराएको मान्छे : सम्बन्धका धागाहरू'मा विजय बराल, केकी अधिकारी, मिरुना मगर, शुशांक मैनाली, भोलाराज सापकोटा, गौरव पहाडी, रियर राई, भावना खपांगी मगर, रुपेश लामा, सुमन थापालागायतको अभिनय छ ।

हिमाल न्यौपानेले निर्देशन गरेको 'जनै हराएको मान्छे' चलचित्रको असोसिएट निर्देशकमा 'प्रेमगीत ३' अभिनेता मनिष राउत छन् ।

पेपरक्लिपको ब्यानरमा निर्माण भएको चलचित्रका निर्माता कमल न्यौपाने र विमल न्यौपाने हुन् । कार्यकारी निर्माताामा नारायण तिमिसिना, चुडामणि सिवाकोटी, आरके मानन्धर, सिआर बस्नेत, फिलिप डिसी र जेम्स महाराजन रहेका छन् ।

थानेश्वर गौतम, अर्जुन पोखरेल, एसडी योगी र प्रसान्त सिवाकोटीको संगीत रहेको चलचित्रमा नवीन गुरुङ डीओपी र कृष्ण परियारको सिनेमेटोग्राफी रहेको छ ।

चलचित्रको कथा, पटकथा र संवाद भानुभक्त ढकालले लेखेका छन् । दिनेशबहादुर राउत मुख्य सहायक निर्देशक रहेको सिनेमामा तर्कराज न्यौपाने, रवीन्द्र नेपाल, मोनिका थापा र आकाश के.सी सहायक निर्देशक रहेका छन् । चलचित्रका निर्माण नियन्त्रक लक्ष्मणराज पौडेल हुन् । गोविन्द शाहीको काफिया फिल्मसले वितरण गरेको छ ।

# 'रिमै' भदौ २० गतेदेखि प्रदर्शनमा आउने




**काठमाडौं/मस–** नेपाली सिनेमामा सांस्कृतिक मौलिकता र आदिवासी समुदायको जीवनशैलीलाई केन्द्रमा राख्दै निर्माण गरिएको चलचित्र 'रिमै' आगामी भदौ २० गतेदेखि देशव्यापी रूपमा प्रदर्शनमा आउने भएको छ । दयाहाङ राई, रिश्मा गुरुङ, अर्पण थापा र माओत्से गुरुङको मुख्य अभिनय रहेको यस चलचित्रले गुरुङ समाजको जीवन, संस्कार र भावनालाई पर्दामा उतार्ने प्रयास गरेको निर्माण पक्षले जनाएको छ ।

चलचित्रको प्रदर्शनअघि चलचित्र पत्रकार संघ नेपाल कास्कीले शुक्रबार पोखरामा आयोजना गरेको पत्रकार सम्मेलनमा कलाकार तथा निर्माण पक्षले 'रिमै' सम्बन्धी जानकारी दिएका थिए। कार्यक्रममा कलाकार रिश्मा गुरुङ, माओत्से गुरुङ, डिबी गुरुङ तथा कार्यकारी निर्माता बिरबल घलेको उपस्थिति थियो ।

पत्रकार सम्मेलनमा बोल्दै कलाकार माओत्से गुरुङले 'रिमै' आदिवासी कथाको प्रतिनिधित्व गर्ने महत्वपूर्ण चलचित्र भएको बताए । उनका अनुसार बदलिँदो मेकरहरूको सोच र मौलिक कथाप्रतिको दर्शकको बढ्दो रुचिले गर्दा यस्तो विषय उठाउन सम्भव भएको हो । उनले 'रिमै' भन्ने शब्द गुरुङ भाषामा छोरी-चेलीलाई सम्बोधन गर्ने अर्थमा प्रयोग हुने जानकारी दिँदै आफू चलचित्रमा कठोर बुबाको भूमिकामा देखिने बताए ।

चलचित्रकी मुख्य पात्र नायिका रिश्मा गुरुङले 'रिमै' आफ्नो लागि विशेष परियोजना भएको बताइन् । उनले भनिन्, 'यो फिल्म मेरो लागि निकै विशेष हो। पहिलो अफर आउँदा अमेरिकामा भएकाले गर्न सकेकी थिइनँ । अहिले परिस्थिति मिलेकाले पहिलो पटक ठुलो पर्दामा गुरुङ संस्कार र संस्कृति प्रस्तुत गर्न पाएकी छु । अपेक्षा गरेरै यो फिल्म गरेकी हुँ ।'

कबड्डी सिरिजपछि लामो समय पर्दामा नदेखिएकी उनले अध्ययन र कार्यव्यस्तताका कारण केही समय विश्राम लिएको तर सिनेमाप्रति लगाव भने कहिल्यै नहराएको बताइन् । राम्रो स्क्रिप्ट र सक्षम टिम भएमा निरन्तरता दिन तयार रहेको उनले स्पष्ट पारिन् । 'सुरुवाती पलमा उत्साह धेरै हुन्छ, तर समयसँगै कम्प्रोमाइजका कुरा आउँछन्,' उनले थपिन् । 'रिमै'को कथावस्तु दर्शकलाई मन पर्नेमा उनी आशावादी देखिइन् ।

त्यस्तै, कलाकार डिबी गुरुङले यो चलचित्रले गुरुङ समाज मात्र होइन, सम्पूर्ण नेपाली जीवनशैलीलाई प्रतिबिम्बित गर्ने विश्वास व्यक्त गरे । उनका अनुसार, 'रिमै नेपाली सिनेमामा मौलिकताको खोजी हो, जसले हरेक दर्शकलाई आफ्नोपनाको भाव दिनेछ ।'

कार्यकारी निर्माता बिरबल घलेले 'रिमै' मौलिक कथा, मौलिक संस्कृति र मौलिक अभिनयको संगम भएको उल्लेख गर्दै करिब ३ करोड रुपैयाँको लागतमा बनेको चलचित्रले नेपाली फिल्म क्षेत्रमा फरक स्वाद थप्ने दाबी गरे । उनका अनुसार सिनेमाको छायांकन मुख्यतया गुरुङ बस्ती र पहाडी गाउँघरमा गरिएको छ, जसले ग्रामीण जीवनशैली, संस्कार र संस्कृतिलाई नजिकबाट चित्रण गर्ने प्रयास गरेको छ । उनले गुरुङ समुदायको मौलिक धुन र काललाई विशेष महत्व दिइएको र सांगीतिक पक्षमा पनि मौलिकता प्रस्तुत गरिएको जानकारी दिए ।

उपेन्द्र सुब्बाले लेखेको कथा र खील बहादुर गुरुङको निर्देशनमा तयार भएको 'रिमै'प्रति निर्माण पक्ष मात्र नभई कलाकारहरू पनि उत्साहित देखिएका छन् । मौलिक संस्कृतिको स्वाद लिन पाउने भएकाले 'रिमै' नेपाली सिनेमामा फरक अध्याय बन्ने अपेक्षा गरिएको छ ।

# सुरक्षाको 'धागो' भारतमा पनि रिलिज हुने

**काठमाडौं/मस–** अभिनेत्री सुरक्षा पन्तको शीर्ष अभिनय रहेको बहुप्रतीक्षित फिल्म 'धागो' आउँदो कात्तिक २८ गते (नोभेम्बर १४) मा नेपाल र भारतका हलहरूमा एकसाथ प्रदर्शन हुने भएको छ । शुक्रबार फर्स्टलुक पोस्टर सार्वजनिक गर्दै निर्माण पक्षले प्रदर्शन मिति घोषणा गरेको हो ।

परिवार, सीमाना र अटुट सम्बन्धलाई केन्द्रमा राखेर तयार पारिएको यस फिल्मलाई उदिप राणा थापाले निर्देशन गरेका छन् । डुवर्सको चिया बगानमा जन्मेर हुर्किएका थापाको यो पहिलो निर्देशकीय फिचर फिल्म हो । बलिउडका विभिन्न प्रोडक्सन हाउसमा करिब १८ वर्षसम्म क्रिएटिभ हेड, निर्देशक र निर्माता भएर काम गरेका उनले 'धागो'लाई आफ्नै माटो र मान्छेको कथा भनेर व्याख्या गरेका छन् ।




'मेरो सफलताको श्रेय मेरा आमाबुवाको त्याग र डुवर्सका जनताको आशीर्वादलाई जान्छ । धागो मेरो माटो र मेरो मान्छेको कथा हो। यसमार्फत मैले समाजका अनगिन्ती धागोलाई जोड्ने प्रयास गरेको छु,' निर्देशक थापाले भने ।

नेपाल-भारत सीमावर्ती क्षेत्रमा बस्ने नेपाली परिवारहरूको जीवन, भावनात्मक सम्बन्ध र सांस्कृतिक धागो केन्द्रित यस फिल्ममा सुरक्षा पन्तसँगै प्रभात थापा, मिस दार्जिलिङ तथा 'मिस नर्थ इस्ट भारत' विजेता सुरभी थापा, बुद्धि तामाङ, सुनिल थापा, रबिन सान्संकर, दीप छेत्री, प्रज्ञा थापा, बाबु प्रधान, सेवन विश्वकर्मा, राजीव भुसाल, आइशा तामाङ र पप्पु विश्वकर्मालगायतका कलाकारले अभिनय गरेका छन् । अभिनेत्री वर्षा राउत फिल्ममा विशेष भूमिकामा प्रस्तुत हुनेछिन् ।

फिल्ममा अनिकेर एम घोघको छायांकन, अखिलेश रायको सम्पादन, अमित त्रिवेदीको साउन्ड डिजाइन, पुष्पन प्रधानको संगीत तथा कविराज गहतराज र बसन दर्जीको कोरियोग्राफी रहेको छ । म्याग्नेट इन्टरटेन्मेन्टको प्रस्तुतिमा बनेको 'धागो'का निर्माताहरू उमा थापा, उत्तम थापा र उदिप थापा हुन् भने सह-निर्मातामा प्रभात थापा, समीर तामाङ र राजेश क्षेत्री रहेका छन् । निर्माण पक्षले 'धागो'लाई केवल चलचित्र मात्र नभई दुई मुलुकबीचको सांस्कृतिक पुलका रूपमा प्रस्तुत हुने विश्वास व्यक्त गरेको छ ।

# सरुभक्तको 'सिरुमारानी' मञ्चन



**काठमाडौं/मस–** नेपाली रंगमञ्च इतिहासमा विशेष स्थान बनाएको सरुभक्तको चर्चित लोक नाटक 'सिरुमारानी' फेरि मञ्चनमा फर्किएको छ । थापागाउँस्थित मण्डला थिएटरमा भदौ ११ गतेदेखि यसको नियमित प्रदर्शन सुरु भएको हो ।

यो नाटक पहिलोपटक करिब २३ वर्षअघि राष्ट्रिय नाचघरमा अनुप बरालको निर्देशनमा मञ्चन गरिएको थियो। त्यतिबेला अहिलेका चर्चित अभिनेता दयाहाङ राईले आफ्नो रंगकर्मी जीवनको पहिलो अभिनय यही नाटकमार्फत गरेका थिए ।

संयोगजस्तै, करिब १२ वर्षपछि सन् २०७२ मा 'सिरुमारानी' पुनः मञ्चन भएको थियो । त्यतिबेला भने दयाहाङ राई स्वयं निर्देशक बनेर अनामनगरस्थित मण्डला थिएटरमा यसलाई पुनर्जीवन दिएका थिए। सो मञ्चनमा अनुप न्यौपाने, विजय बराल, सोमनाथ खनालगायतका कलाकारहरूले पहिलोपटक रंगमञ्चमा पाइला टेकेका थिए ।

अब भने १० वर्षपछि 'सिरुमारानी' फेरि नयाँ स्वरूपसहित दर्शकमाझ आएको छ । यसपटकको मञ्चन अनुप न्यौपाने र सुमित्रा पेहिमले संयुक्त रूपमा निर्देशन गरेका छन् । विशेषतः मण्डला थिएटर ल्याबको १७औं ब्याचका ३३ जना विद्यार्थीहरूले आफ्नो अभिनय यात्रा यही नाटकबाट सुरु गरेका छन् ।

नाटक असोज ५ गतेसम्म निरन्तर मञ्चन हुनेछ । सोमबारबाहेक हरेक दिन साँझ ५:१५ बजे र शनिबार दिउँसो १:१५ बजे अतिरिक्त शो प्रस्तुत गरिनेछ ।

'सिरुमारानी' साहसी नारीको कथा हो । यसमा मानवीय संवेदना, अहं, विद्रोह र आशाको कथा बुनेर प्रस्तुत गरिएको छ । समाजमा नारित्वको संरक्षणका लागि एउटी नारीले गरेको संघर्षमार्फत नाटकले लोभ, शक्ति र अहंकारमा आधारित संरचनाको क्षणभंगुरता दर्साउने प्रयास गरेको छ ।

हालको प्रस्तुतिमा सायुज्य भण्डारी, चाँदनी श्रेष्ठ, सुस्मिता श्रेष्ठ, सहिष्मा खड्का, तरुण देउवा, सुजन घिमिरे, अमृत सुनारलगायतका कलाकारसँगै ३३ जना प्रशिक्षार्थीहरूको सामूहिक अभिनय देख्न पाइन्छ ।

# 'स्वाहा:' निर्माण घोषणा

**काठमाडौं/मस–** गत असारमा प्रदर्शनमा आएको फिल्म 'यो मन त मेरो नेपाली हो'को टिमले नयाँ परियोजना 'स्वाहा:' निर्माणको घोषणा गरेको छ । बिहीबार बालाजुस्थित अष्टनारायण हलमा आयोजित विशेष कार्यक्रममा एआई प्रविधिबाट तयार गरिएको थिम पोस्टर सार्वजनिक गर्दै फिल्म निर्माणको औपचारिक घोषणा गरिएको हो ।

निर्देशक नर प्रधान 'मित्र'को निर्देशन रहने फिल्ममा अभिनेता रोशन श्रेष्ठलाई मुख्य भूमिकामा प्रस्तुत गरिने भएको छ । सार्वजनिक पोस्टरमा धनुष बोकेर घोडामा सवार रोशन देखिएका




छन्, जसले उनी योद्धाको पात्रमा देखिने संकेत गरेको छ । उक्त कार्यक्रममा फिल्म 'यो मन त मेरो नेपाली हो'ले अष्टनारायण हलमा ५१ दिन पूरा गरेको खुसी पनि मनाइएको थियो । सो अवसरमा निर्माण पक्षले केक काटेर कलाकार तथा प्राविधिकलाई मायाको चिनो प्रदान गर्‍यो ।

फिल्मले ५१औं दिन पूरा गरे पनि बक्स अफिसमा भने ठुलो सफलता हासिल गर्न सकेन । निर्माता तथा कलाकार रोशन श्रेष्ठले दर्शकलाई जबरजस्ती नभई स्वेच्छाले हलमा आएको दाबी गर्दै भने, 'हाम्रो फिल्मले धेरै चर्चा पाएन होला, तर ५१ औं दिन पार गर्नु आफैंमा उपलब्धि हो ।' कार्यक्रममा कलाकार संघका अध्यक्ष मोहन निरौला, निर्माता राजकुमार राई, रविन्द्र खड्कालगायतको उपस्थिति रहेको थियो ।

यस फिल्ममा विजय बराल, विल्सनविक्रम राई, आयुषा समाल, बुद्धि तामाङलगायतको प्रमुख भूमिका छ भने कथा तथा निर्देशन नर प्रधान र पटकथा संवाद शिवम अधिकारीको लेखन रहेको छ । 'यो मन त मेरो नेपाली हो' अहिले विभिन्न अमेरिकी सहरमा पनि प्रदर्शन भइरहेको निर्माण पक्षले जनाएको छ ।

'स्वाहा:' फिल्म हिमाली भेगको कथामा आधारित रहने निर्देशक प्रधानले बताए । उनका अनुसार करिब ४ करोड रुपैयाँ बजेटमा बन्ने यस फिल्मलाई पद्मा ईश्वर इन्टरटेन्मेन्टले निर्माण गर्नेछ ।

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: भगवतीबहाल, नक्साल, काठमाडौं, फोन: ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेल: **madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com** (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**